news 24 दैनिक

वर्ष १३ अंक १७ राष्ट्रिय दैनिक | ६ भदौ २०८२, शुक्रबार भदौ कृष्ण चतुर्दशी | नेपाल संवत् ११४५ | Fri 22 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



नेपाली भूमि लिपुलेकमाथि भारत र चीनले हस्तक्षेप गरेको विरोधमा बिहीबार काठमाडौंस्थित भारतीय राजदूतावास अगाडि विरोध प्रदर्शन गर्नेलाई रोक्दै प्रहरी। अनेरास्ववियूले विरोध प्रदर्शन गरेको थियो।
*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# टीपीएस खारेजीले अमेरिकामा ७ हजार नेपालीलाई संकट

- नेपाल, होण्डुरस र निकारागुवाका हजारौं प्रवासीको भविष्य संकटग्रस्त
- ट्रम्प प्रशासनले भन्यो - प्रणाली मजबुत बनाउन सहयोगी निर्णय
- मानवअधिकारवादी समूहको विरोध, सर्वोच्च जाने सम्भावना

news 24
**काठमाडौं, साउन ५**

काठमाडौं। अमेरिकी अदालतले डोनाल्ड ट्रम्प प्रशासनलाई 'अस्थायी सुरक्षा अवस्था' सुविधा (टेम्पोरेरी प्रोटेक्टेड स्टाटस) समाप्त गर्ने निर्णय कार्यान्वयन गर्न अनुमति दिएको छ। टीपीस सुविधामा अमेरिकामा बसिरहेका ६३ हजार जनाभन्दा बढीलाई उनीहरूको मुलुक फर्काउन सरकारलाई संघीय पुनरावेदन अदालतको यो फैसलासँगै सहज भएको हो।

ट्रम्प प्रशासनले एक महिनाअघि टीपीएस खारेज गर्ने निर्णय गरेको थियो। सरकारको उक्त निर्णयपछि अमेरिकामा वर्षौंदेखि बस्दै आएका हजारौं नेपाली स्वदेश फर्किन लागेका थिए। तर, गत जुलाईमा संघीय न्यायाधीश ट्रिना थम्पसनले ट्रम्प प्रशासनलाई टीपीएस अन्त्य गर्ने निर्णय कार्यान्वयनमा रोक लगाएकी थिइन्। उनले यस्तो कदम जातीय पूर्वाग्रहबाट प्रेरित भएको भन्दै आदेश जारी गरेकी थिइन्। उनले प्रशासनका नेताहरूले प्रयोग गरेका अभिव्यक्तिलाई उदाहरण दिँदै 'रगत शुद्ध गर्ने' चाहनाबाट प्रेरित निर्णय भनेकी थिइन्।

ट्रम्प प्रशासनले निकाल्न तयारी गरेका मध्य-अमेरिका र एसियाका करिब ६० हजार जनाको त्रीपीएस अवधि उनले बढाइदिएकी थिइन। यसविरुद्ध ट्रम्प प्रशासन पुनरावेदनमा गएको थियो। तर, नवौं सर्किट अपिल कोर्टको मंगलबारको निर्णयले सरकारलाई स्थायी बसोबास भएका आप्रवासीसँगै नेपाल, होन्डुरस र निकारागुवाका नागरिकलाई अमेरिकाबाट निकाल्ने बाटो खुलेको हो।

तल्लो अदालतको रोकविरुद्ध पुनरावेदनअघि सरकारका वकिल ड्र्यू एन्सेनले न्यायाधीश थम्पसनको आदेशलाई आधारहीन भनेका थिए। उनले ट्रम्पको विवादास्पद भनाइ पुरानो भएको भन्दै अदालतले त्यसलाई आधार मान्न नसक्ने बताएका उनले हालैको सुप्रीम कोर्टले भेनेजुएलाका टीपीएसधारीहरूलाई संरक्षण अन्त्य गर्न दिएको आदेशलाई पनि उदाहरण दिएका थिए।



एआई सृजित चित्र

पुनरावेदन अदालतले नेपाल, होण्डुरस र निकारागुआका करिब ६३ हजार प्रवासीलाई दिइएको टीपीएस अन्त्य गर्न मिल्ने आदेश दिएको हो। टीपीएस भनेको प्राकृतिक विपत्ति वा अस्थिर राजनीतिक अवस्था भएका देशका नागरिकलाई अमेरिका बस्न र काम गर्न अस्थायी अनुमति दिने व्यवस्था हो।

होण्डुरस र निकारागुआका नागरिक सन् १९९८ को ठूलो आँधी हर्नान्डो आएपछि टीपीएसमा अमेरिका पुगेका थिए भने नेपाली २०१५ को विनाशकारी भूकम्पपछि उक्त सुविधाको सूचीमा परेका थिए। उक्त सुविधामा संसारका विभिन्न मुलुकबाट लाखौंले अमेरिका बस्न, काम गर्न र परिवार पाल्न पाएका छन्।

धेरैजसो प्रवासी अहिले अमेरिकामा दुई दशकभन्दा बढी समयदेखि बस्दै आएका छन् भने नेपाली टीपीएसधारीहरू पनि करिब १० वर्षदेखि अमेरिकाका विभिन्न भूभाग छन्।

मंगलबार नवौं सर्किट अदालतका तीन न्यायाधीश कन्सुएलो क्यालाहान, न्यायाधीश एरिक मिलर र न्यायाधीश माइकल हकिन्स सम्मिलित इजलासले एकमतमा तल्लो अदालतको रोक आदेशलाई उल्टाइदिएको हो। आदेश दुई पृष्ठको मात्र छ र निर्णयको विस्तृत कारण भने खुलाइएको छैन।

पुनरावेदन अदालतको सरकारका पक्षको निर्णयमा अधिकारकर्मीहरूले आपत्ति जनाएका छन्। युनिभर्सिटी अफ क्यालिफोर्निया लसएन्जेलसका प्राध्यापक एवम् वकिल अहिलान अरुलानन्तमले अदालतले कुनै कारण नदिइ आपतकालीन आदेश दिनु अनुचित भएको बताए। यसलाई उनले न्याय प्रक्रियाको उल्लंघन भनेका छन्। यसले हजारौं परिवारमा तुरुन्तै निष्कासन र परिवार बिछोड बढेको बताएका छन्। विभिन्न संघसंगठनहरूले पनि अदालतको निर्णयलाई चुनौती दिन फेरि तयारी गर्ने जनाएका छन्।

यसैबीच अमेरिकी गृहमन्त्रालयले भने अदालतको आदेशलाई सरकारको ठूलो सफलता मानेको छ। सहायक सचिव ट्रिसिया म्याग्लिनले टीपीएस अस्थायी हो र यसलाई दशकौंसम्म प्रयोग गरेर अमेरिका भित्र खुला ढोका बनाइएको भन्दै अब प्रणालीलाई मजबुत बनाउने अवसर आएको बताइन्।

**तल्लो अदालतको आदेशलाई पुनरावेदनले उल्ट्याएपछि टीपीएस सुविधामा बसेका ७ हजार नेपालीले अमेरिका छाड्नुपर्ने स्थिति**

हालको निर्णयअनुसार अमेरिकामा टीपीएस सुविधामा बसेका नेपालीको अवधि तीन साताअघि समाप्त भइसकेको छ। होण्डुरस र निकारागुआका टीपीएस भने आगामी महिना सेप्टेम्बर ८ मा समाप्त हुँदैछ। त्यसपछि धेरैजसो प्रवासीलाई निष्कासनको खतरा हुनेछ। तर सबैलाई तुरुन्तै फिर्ता पठाइने भने होइन। केही प्रवासीसँग असाइलम वा अन्य कानूनी प्रक्रिया जारी भएकाले उनीहरू केही समयसम्म बस्न सक्नेछन्।

अहिलेसम्मको निर्णयले ट्रम्प प्रशासनलाई कानूनी बाटो सहज भए पनि मामिला अझै टुंगिएको छैन। अधिकारकर्मीहरूले यसलाई सर्वोच्च अदालतसम्म पुर्‍याएर सरकारलाई चुनौती दिने सम्भावना उच्च छ। नेपाल, होण्डुरस र निकारागुआका हजारौं टीपीएसधारीका लागि भने अमेरिका बसोबासको भविष्य अनिश्चित भएको छ। उनीहरूको बसाइ, काम, पढाइ र परिवारको जीवन अदालत र सरकारको निर्णयमा भर पर्न पुगेको छ।

## एम्बुलेन्सका लागि देशभर एउटै नम्बर '१०२'

काठमाडौं - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एम्बुलेन्स सेवाको सञ्चालनलाई एकीकृत गर्न निर्देशिका जारी गरेको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले 'एम्बुलेन्स सेवा निर्देशिका, २०८२' स्वीकृत गरेका हुन्।

एम्बुलेन्स सेवालाई थप व्यवस्थित, एकीकृत र पहुँचयोग्य बनाउन निर्देशिका जारी गरिएको हो। निर्देशिकाले देशभर सञ्चालित एम्बुलेन्सलाई एकीकृत प्रेषण केन्द्रमार्फत सञ्चालन गर्ने गरी एकद्वार प्रणालीको व्यवस्था गरेको छ।

*बाँकी पृष्ठ २ मा...*

## प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने माग गर्दै सर्वोच्चमा रिट

काठमाडौं (संवाददाता)- कांग्रेस र एमालेको सरकारमा जोडिएको जनता समाजवादी पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत नलिएको दाबी गर्दै सर्वोच्च अदालतमा बिहीबार रिट निवेदन दर्ता भएको छ। सर्वोच्चले रिट निवेदन दर्ता गरी शुक्रबारका लागि पेसी तोकेको छ। रिटमाथि शुक्रबार प्रारम्भिक सुनुवाइ हुनेछ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारमा रहन विश्वासको मत लिनुपर्ने माग गर्दै रिट निवेदन दर्ता भएको हो। अधिवक्ता वीरेन्द्र केसीले संविधान अनुसार प्रधानमन्त्रीले विश्वासको मत नलिएको भन्दै रिट दायर गरेका हुन।

जसपाले गत असार ३२ मा सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेको थियो। त्यसको केही दिनपछि समर्थन विधिवत् फिर्ता लिएको थियो। सरकारलाई दिएको विश्वास फिर्ता लिएको महिना दिन पुगिसक्दा पनि प्रधानमन्त्री ओलीले विश्वासको मत लिएका छैनन्। उक्त विषय रिट निवेदनमा उल्लेख छ।

रिट निवेदकले विश्वासको मत लिनुपर्ने आदेश जारी हुनुपर्ने माग गर्दै प्रधानमन्त्री ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद् सचिवालय र राष्ट्रपति कार्यालय, शीतल निवासलाई विपक्षी बनाएका छन्।



संविधानको धारा १०० मा विश्वास र अविश्वासको मतसम्बन्धी व्यवस्था गरिएको छ। प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था छ। 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्नुपर्नेछ।'

प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुन नसकेमा प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था छ।

*बाँकी पृष्ठ २ मा...*

**भित्री पृष्ठमा**



**लिपुलेक : सिमानाको प्रतीकात्मक स्तम्भ**
*नेपालको सारभौमसत्ता र भौगोलिक अखण्डता नेपालीहरूका लागि सर्वाधिक महत्वको वस्तु हो। राष्ट्रिय भावना गाँसिएको अहम् प्रश्न हो।*
*(ध्रुबहरि अधिकारीको विचार)*

- लिपुलेक मुद्दामा संसदमा चर्का कुरा, कूटनीतिक माध्यमबाट सुल्झाउन माग
- रुकुम पूर्वको सदरमुकाम विवाद फेरि चर्कियो, भूमे-पुथा तानातान
- रुसी कम्पनीलाई लगानी गर्न भारतीय विदेशमन्त्री जयशंकरको जोड
- चार अर्ब खर्च भए पनि पूरा भएन महाकालीमा चार लेनको पुल



## लिपुलेक मुद्दा कूटनीतिक माध्यमबाट सुल्झाउन माग

# सरकारले लय समाउन नसकेकोमा आफ्नैको आलोचना

news 24

**काठमाडौं, भदौ ५**

लिपुलेकमा भारत र चीनबीच भएको विवादास्पद द्विपक्षीय व्यापारिक सहमतिको सांसदहरूले बिहीबार प्रतिनिधिसभा बैठकमा एकस्वरले विरोध गरेका छन्। सरकारले उच्चस्तरीय कूटनीतिक संवादको माध्यमबाट समाधान गर्न माग गरेका छन्।

नेपालको भूमि लिपुलेक हुँदै सीमा व्यापारमा नेपालको स्वीकृति, जानकारीबिना छिमेकी देशहरूले सीमा व्यापार सम्झौता गर्नुलाई स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रतामाथि आघात पुगेको भन्दै विरोध गरेका छन्। विशेष समयमा दलीय आधारमा बोल्दै सांसदहरूले छिमेकीको व्यवहार आपत्तिजनक भएकाले सबै दललाई समेटेर निर्णय गराइ पहलकदमी अगाडि बढाउन सुझाएका छन्।

सांसद गगन थापाले चीन र भारतले नेपालको भूमि छुनेगरी गरेको व्यापारिक सहमतिकोविरुद्धमा सबै राजनीतिक दल एकै ठाउँमा उभिन आग्रह गरे। 'यो विषय कुनै प्रतिस्पर्धा, मतान्तर हुँदाहुँदै पनि घरेलु विषय बनाउन हुँदैन। एक ढिक्का भएर एउटै सन्देश दिनुपर्छ। हाम्रो भूमिमाथि आँखा लगाउने कुरा स्वीकार्य छैन,' उनले भने।

सांसद प्रकाश ज्वालाले दुई देशबीचको कूटनीतिक विषयमा राष्ट्रिय सहमति गरेर अगाडि बढ्न सरकारलाई सुझाएका छन्। 'खोसिएको नेपाली भूमि लिन एकजुट हुनुपर्छ,' उनले भने। लिपुलेकको मुद्दा प्रधानमन्त्रीले भ्रमणको क्रममा उठाउन उनको माग छ। 'सर्वदलीय बैठक बोलाएर एकमतका साथ दुवै देशलाई विरोध पत्र दिनुपर्छ,' उनले भने। नेपालको स्वाधीनतामाथि उठेको प्रश्न उठेकाले सकेसम्म प्रधानमन्त्री विषय समाधान नभएसम्म भारत र चीन नजान पनि सुझाव दिएका छन्।

एमाले सांसद योगेश भट्टराईले दुई देशले यस अघि पनि यस्तै सम्झौता गरेको स्मरण गराए। यसलाई सबै दल एकजुट भएर अगाडि बढ्न सुझाए। चुच्चे नक्साका बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई व्यंग्य गरिने भएकाले त्यसको प्रतिरक्षा गरे। 'चीन र भारतले लिपुलेकबाट व्यापार गर्ने विषयलाई प्रधानमन्त्रीको जग्गा मिचेजस्तोगरी नबोलौं। यस विषयलाई वैयक्तिक बनाउने कोसिस नगरौं। यो हामी सबैको साझा विषय हो,' उनले भने, 'कूटनैतिक ढंगबाट दबाब सिर्जना गरौं।'

माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले त्रिदेशीय सहमति बिना व्यापारिक सम्झौतालाई पक्ष र प्रतिपक्षको विषय बनाउन नहुने बताए। उनले सर्वपक्षीय वार्ता गरेर सरकारले पहलकदमी थाल्दै कूटनीतिक तरिकाले समस्या सुल्झाउन माग गरे। प्रधानमन्त्री ओली भारत र चीनको भ्रमणमा जाने सुनेकाले टेबलमा छलफल गर्नुपर्ने सुझाव दिए।





नेपाल फोटो लाइब्रेरी

### सरकारप्रति सत्ता पक्ष नै असन्तुष्ट

देशका ठूला दल कांग्रेस र एमालेले सरकार बनाएको एक वर्ष पुगिसकेको छ। एक वर्षको अवधिमा सरकारको स्थिरता र जनताले अपेक्षा गरे अनुसार काम हुन नसकेकोमा सत्ता पक्षकै सांसदहरूले असन्तुष्टि व्यक्त गरेका छन्।

२०८१ असार १७ मा कांग्रेस र एमालेबीच सातबुँदे सम्झौता भएको थियो। सम्झौताको आधारमा बनेको सरकारले जनताको अपेक्षा अनुसार काम गर्न नसकेकोमा आलोचना गरेका छन्।

कांग्रेस महामन्त्री एवं सांसद थापाले राजनीतिक स्थायित्वका लागि बनाइएको योजना कार्यान्वयन नगरेकोमा असन्तुष्टि पोखे। आफूले बन्द कोठाभित्र पनि सुझाव दिइएको र नसुनिएका कारण बाहिर ल्याउनुपरेको गुनासो गरे। 'सरकारको गतिमा नागरिकले चित्त बुझाइरहेका छैनन्,' उनले भने।

'सरकारले सिन्को पनि भाँच्न सकेको छैन। आफूले बोलेको जिम्मा लिएको कुरा गर्न सकेको छैन,' सांसद थापाले विशेषगरी दुई दलको मिलनविन्दु बनेको संविधान संशोधनको संयुक्त मुद्दालाई प्राथमिकतामा राख्न नसकेकोमा असन्तुष्टि जनाए। 'दुई मुख्य पार्टी मिलेर सरकार बनाएका छौं। ६ महिनामा गर्ने भनेको काम शुरु पनि गरेका छैनौं। कसैले सरकार छोड्ला भन्ने डर छैन। यही वाचा गरेर हामी सरकारमा आएका थियौं। बोलेर होइन, कामले देखाउनुपर्छ,' उनले भने, 'सरकार बनाउँदा ठोस डेलिभर गर्छौं भन्ने वाचा थियो। योजना बनाइएको थियो। कार्यान्वयन कहिले गर्ने ?'

मुख्य कुरा भनेको अर्थतन्त्रमा देखिएको शिथिलता भएको उनको टिप्पणी छ। व्यवहारिक समस्या सुल्झाउन एकैपटक २९ वटा कानून संशोधन गरेको प्रसंग सुनाउँदै भने 'दर्जनौं नचाहिने कानून, नियमावली खारेज गर्ने लिस्ट बनाएका थियौं। त्यो कहाँ पुग्यो ?'

अर्को विषय सहकारी ठगी प्रकरण पनि भएकाले ५० हजारभन्दा बढी मान्छेले रकम फिर्ता मागेको र फिर्ता गर्नुपर्ने सुझाए। सहकारी सम्बन्धी रामेश्वर खनाल, सूर्य थापाको प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्ने सांसद थापाको जोड छ।

रास्वपा सभापति रवि लामिछानेप्रति इंगित गर्दै उनले भने 'एउटा ठगीको अभियुक्तको वरिपरि बहस घुमिरहेको छ।' सरकारले अनुसन्धानको क्रममा, अभियोजनको क्रममा पूर्वाग्रह राखेको भए पनि सातवटा अदालतमा कसरी मुद्दा भयो ? भन्ने प्रश्न उनले गरे। सर्वोच्च अदालतले गरेको आदेशका आधारमा लामिछानेलाई थुनेको उनले बताए। कांग्रेस र एमाले कमजोर भएकाले यो परिस्थिति आएको उनले आलोचना गरे।

एमाले सांसद योगेश भट्टराईले सात बुँदे सहमति गरेर बनेको कांग्रेस र एमालेको सरकारबाट जनतामा धेरै अपेक्षा भएकाले संविधान संशोधन साझा विषय बनाउन आग्रह गरे। पुँजीगत खर्च बढाउन आग्रह गरे। उनले संविधान संशोधनका केही बुँदा पनि प्रस्तुत गरेका थिए। 'संवैधानिक परिषद्मा विवाद, शक्ति पृथकीकरण कार्यपालिका, न्यायपालिकाका निर्णय बाझिएका छन्। संवैधानिक आयोग दर्जनौं चाहिने कि नचाहिने ? निर्वाचन प्रणाली मितव्ययी बनाऔं भद्दा प्रतिस्पर्धा भयो। बहुमत कसरी ग्यारेन्टी गर्ने ? समानुपातिक समावेशीलाई कसरी कायम गर्ने , पालिकाको संख्या घटाएर ५ सयमा झारौं, वडाको संख्या बढाऔं। उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाऔं। यी विषयमा संशोधनको छलफल हुनसक्ने र एमाले तयार रहेको दाबी गरे।

सांसद देवेन्द्र पौडेलले सरकारले काम गर्न नसकेकोमा टिप्पणी गरे। सत्तापक्षका सांसदले नै विरोध गरिहेको बेला सरकारलाई लय, ताल, सुर मिलाएर काम गर्न आग्रह गरे।

# अटिजमलाई हेर्ने नजर कहिले होला परिवर्तन ?

**जुनु भट्टराई**
**विराटनगर, भदौ ५**

केही वर्षअघिको कुरा हो, मीरा चुडालको फोनमा घण्टी बज्यो। एक आफन्तले छोराको जन्मदिनका लागि निम्ता गरेका थिए। निम्ता गर्नेले सपरिवार आउन भने। कुराकानी टुङ्ग्याएर फोन राख्ने बेला आफन्तले भने- पालो गरेर आउनु। त्यसको आशय उनको १२ वर्षीय छोरो सेजलप्रति लक्षित थियो। सो कुरा उनको मनमा गढ्यो।

अटिजमको समस्या भएको उनको छोरो अन्य बच्चाभन्दा भिन्न थियो। उसमा चकचके स्वभाव थियो। त्यसैले आफन्तले छोरोलाई घरमा राखेर पालो गरेर आउनु भनेका थिए। सो कुराले उनलाई सोच्नमग्न बनायो।

जन्म दिनको भोजमा श्रीमान्-श्रीमतीले किन पालो गरेर जानुपर्ने थियो र ? उनको मनमा विचारका ज्वाराभाट चले। "तपाईं जानुस्, आशिर्वाद दिएर आउनुस्, म बाबु हेरेर बस्छु," मीराले श्रीमानलाई भनिन्।

केही समयअघि फोनमा हाँसीखुसी कुरा गरेकी श्रीमती एकाएक नजाने भनेपछि श्रीमानले कारण जान्न चाहे। उनले घटनाको बेलिबिस्तार लगाइन्।

'पालो गरेर आउनु' भन्ने कुरा मीराको कानमा मात्र गुञ्जिरहेन। उनको मातृवात्सल्यता नराम्रोसँग खल्बलियो। त्यसैले श्रीमान्ले सम्झाउँदा पनि उनी भोजमा सहभागी नहुने निर्णयमै अडिग रहिन्। "कसैले मेरा सन्तानलाई समस्या देख्छ भने त्यो समस्या हाम्रो होइन, उनीहरूको समस्या हो, त्यसैले मलाई त्यो भोजमा जान मन लागेन," मीराले भनिन्, "बाबुलाई अटिजम छ भनेर हामीले स्वीकारिसकेका छौं र हामीलाई आफ्नो छोरालाई अरूसँग दाँजेर हेर्नु आवश्यक लाग्दैन, उसलाई जे-जति सकिन्छ, सिकाउँदै जान्छौं र अटिजम सम्बन्धमा बुझ्दै, बुझाउँदै पनि जानेछौं।"

आफन्त छिमेकी भनेकै दुःखसुखमा काम लाग्नुपर्छ भन्ने उनको मान्यता हो। परिवार, छिमेकी, आफन्त, समाज आखिर केका लागि ? हुन त मीराका लागि घटना नौलो घटना थिएन। छोरो तीन वर्ष हुँदा उनलाई अटिजमको समस्या पत्ता लागिसकेको थियो।

पेशाले स्टाफ नर्स, विराट नर्सिङ होममा स्टाफ नर्सको जिम्मेवारी सम्हाल्दै आउनुभएकी उनले छोराको हेरचाहको लागि जागिर त्यागेर बस्नुपर्‍यो। "त्यो मेरो लागि त्याग थिएन आवश्यकता थियो", उनी भन्छिन्, "आमाहरूले सन्तानको लागि गरेको हरेक सम्झौता आवश्यकता हुन्छ, त्याग हुँदो रहेनछ तर सबैका परिवार समाजले यो कुरा कहाँ बुझ्छन् र ?"

> "उपचारको मुख्य उद्देश्य अटिजम भएका व्यक्तिलाई आफ्नो हेरचाह आफैँ गर्ने, सामाजिक बन्ने, व्यावसायिक सीप सिक्ने र जीवनस्तर उकासेर आत्मनिर्भर बनाउनु हो,"

यसबीचमा उनले अनेकौं विभेदपूर्ण व्यवहार महशुस गर्नुपरेको अनुभव छ उनलाई। "म एक पढेलेखेको महिलाले त समाजबाट त्यस्ता कति दुव्यवहार अदृश्य रूपमा भोग्नुपरेको छ भने अरुको अवस्था के होला ?" उनको प्रश्न छ।

अटिजम समस्या भएका बालबालिकाका अभिभावकले बच्चाको कारण समाजमा फरक व्यवहार भोग्नुपरेको गुनासा सुन्ने गरिन्छ। मीरा भन्छिन्, "सबैको घरमा कोही न कोही बिरामी या रोगी भएकै हुन्छन्। हामीलाई त सामान्य लाग्छ, अटिजम भएका हाम्रा छोराछोरीलाई हेर्ने नजर किन यस्तो ?"

विसं २०७० तिर उनले छोरालाई भर्खरै मन्टेश्वरीमा भर्ना गराएकी थिइन्। केही महिना बित्दै जाँदा स्कुलबाट अचम्मका खबर आउन थाले। होमवर्क नगर्ने, पेन्सिल नसमात्ने, अरुसँग नखेल्ने, कक्षामा कहिलेकाहीँ अत्यन्त चुपचाप बस्ने। शिक्षकले अभिभावकलाई भने, "बाबु अरु बच्चाभन्दा फरक देखिन्छ।"

यो कुरा सुनेपछि मीराले छोरालाई काठमाडौँस्थित कान्ति बाल अस्पतालमा लगिन्। विभिन्न परीक्षणपछि चिकित्सकले छोरालाई अटिजम स्पेक्ट्रम डिसअर्डर भएको बताएपछि उनी खङरङ्ग भइन्। चिकित्सकको भनाइ स्पष्ट थियो अटिजमको कुनै निश्चित औषधि छैन तर समयमै थेरापी र सही व्यावहारिक अभ्यास सुरू गरिएमा बालबालिकाको क्षमता उल्लेख्य रूपमा सुधार हुन्छ।

बालबालिकाको अवस्था सुधार गर्ने उद्देश्यले उनले छोरालाई 'अटिजम केयर नेपाल' काठमाडौँमा राखेर विशेष थेरापी कक्षामा पढाउन थालिन्। तर लामो समयसम्म काठमाडौँमा कोठा लिएर बस्न कठिन थियो। जसोतसो झण्डै दुई वर्ष छोरालाई काठमाडौँमा विशेष थेरापी कक्षामा राखिन्। उनी भन्छिन्, "त्यो समयमा बिराटनगरमा अटिजमबारे काम गर्ने कुनै संस्था थिएन, न विशेष शिक्षा दिने विद्यालय नै। हामीजस्ता अभिभावक अन्योलमा थियौं। आफ्ना बच्चालाई कहाँ लैजाने ?"

विराटनगर फर्केपछि बरगाछीस्थित प्रगतिमार्ग आदर्शटोलमा अटिजमका समस्या भएका बालबालिकालाई हेर्ने अटिजम केयर सोसाइटीमा राखेर पढाउन थालिन्। उनी आफू पनि सोही संस्थामा कार्यक्रम अधिकृतको रूपमा कार्यरत छिन्। झण्डै एक दशकको अनुभवमा उनले बुझेको कुरा अभिभावकका तर्फबाट मुख्य सहयोग भनेकै अटिजमलाई स्वीकार्नु हो, त्यसपछि मात्र परिवार-छरछिमेकले उनीहरूमाथि नराम्रो व्यवहार गर्ने हिम्मत गर्दैनन्।

अटिजम भएका बालबालिकालाई धेरैभन्दा धेरै माया दिएर अपनत्व र सुरक्षित महसुस गराउनुपर्ने उनको भनाइ छ। उनीहरूका गल्ती र कमीकमजोरीलाई दण्डित गर्ने, रिसाउने, डर-त्रास भर्ने काम गरेमा उग्र व्यवहार झन् बढ्न सक्छ। उनीहरूलाई माया गर्दै जाँदा विस्तारै धेरै कुरा बुझाउन सकिन्छ। बुझाइलाई बढाउँदै लैजाने तरिका पनि यही हो। घरपरिवारले अटिजममैत्री व्यवहार गर्न र सहजै सिक्ने वातावरण बनाउन सके उनीहरूको जीवनलाई सरल र सामान्य बनाउन सकिने भएकाले उनी यसतर्फ सधैं सचेत छिन्।

**अभिभावकले बनाए अटिजम केयर सोसाइटी**

अटिजम भएका बालबालिकाको उपचार र हेरचाहका लागि विराटनगरमा अभिभावककै पहलमा २०७५ सालमा नेपाल अटिजम केयर सोसाइटी स्थापना भयो। संस्थाबाट हाल १४ जना अटिजम भएका बालबालिकाले नियमित सेवा लिइरहेका छन्। २०७० सालतिर आफ्ना बच्चामा अटिजमका लक्षण देखिएर काठमाडौँमा उपचार गराउन बाध्य भएका अभिभावकले स्थानीयस्तरमा सुविधा नहुँदा संस्था खोल्ने निर्णय गरेका थिए। सुरूमा करिब १०-१२ जना अभिभावकले अटिजम केयर नेपाल, काठमाडौँबाट तालिम लिएर सोसाइटी स्थापना गरेका थिए।

हाल सोसाइटीमा ३० भन्दा बढी सदस्य छन्। केही बालबालिकाले यहाँको थेरापीबाट सुधार भई सामान्य विद्यालयमा भर्ना पनि भएका छन्। सोसाइटीमा मन्टेश्वरी तालिम प्राप्त शिक्षिका र नर्समार्फत सञ्चार सीप, सामाजिक विकास र व्यावहारिक तालिम दिने गरिन्छ। सोसाइटीले अभिभावकलाई निःशुल्क परामर्श सेवा पनि दिँदै आएको छ। अटिजमका कारण बालबालिकामा स्पष्ट रूपमा सञ्चार र सामाजिक कठिनाइ देखिने भएकाले प्रारम्भिक उमेरमै थेरापी अपरिहार्य छ।

प्रदेश सरकारले संस्थाका बच्चाका लागि आइपर्ने प्राथमिक स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारका लागि रु एक लाख सहयोग गर्दै आएको छ। अहिलेसम्म पनि धेरै अभिभावकलाई अटिजम के हो थाहा छैन। अटिजमसँग लड्नु केबल बालबालिकाको मात्र होइन, परिवारकै सङ्घर्ष भएकाले सोसाइटीले निकट भविष्यमा विशेष विद्यालय स्थापना गर्ने र जिल्लामा जनचेतना कार्यक्रम विस्तार गर्ने योजना रहेको छ।

**अटिजम रोग होइन, समस्या हो**

अटिजम कुनै रोग नभएर यो जन्मजात हुने एक विशेष खालको विकासात्मक अपाङ्गता भएको चिकित्सकको भनाइ छ। नवजात शिशु तथा बालरोग विशेषज्ञ डा सुमित घिमिरे भन्छन्, "बच्चा आमाको गर्भमा विकास हुने क्रममा हुने जेनेटिक परिवर्तन वा बाहिरी कारणका असरले मस्तिष्कको स्नायु विकासमा गडबडी आउँछ, यसका कारण सामाजिक सीप, सञ्चार क्षमता र व्यावहारिक अनुकूलतामा समस्या देखिने।" अटिजम भएका बच्चामा प्रायःघुलमिल हुन गाह्रो मान्ने, एउटै काम दोहोर्‍याइराख्ने, सीमित रुचिमा मात्र केन्द्रित हुने र स्पष्ट रूपमा कुरा गर्न कठिनाइ हुने लक्षण देखिन्छन्। "अटिजमका लक्षण प्रायः जन्मिएको तीन वर्षमै प्रष्ट चिनिन थाल्छ," डा घिमिरे भन्नछन्।

अटिजमबाट प्रभावितमध्ये एक तिहाइदेखि आधा बच्चाले शब्द स्पष्ट उच्चारण गर्न सक्दैनन्, जसका कारण दैनिक जीवनका गतिविधि र सामाजिक सम्बन्धमा नकारात्मक असर पर्ने गरेको उनी बताउँछन्। कतिपय अवस्थामा बच्चाले आफैंले भनेको शब्द दोहोर्‍याउने, औंलाले देखाएको वस्तु नहेर्ने, हात ओल्टाउने, टाउको घुमाउने वा ठोक्नेजस्ता क्रियाकलाप देखाउँछन्। *रासस*

# घुँगीफोर गरुडको प्रजनन केन्द्र बन्दै बाटुलीपोखरी

**नारायणगढ, भदौ ५-** भरतपुर महानगरपालिका-१३ स्थित बाटुली पोखरी जलचर घुँगीफोर गरुड (एसियन ओपनविल) का लागि प्रजनन केन्द्रका रूपमा विकसित भएको छ।

बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा रहेको यो पोखरी वरपरका १०४ वटा रुखमा घुँगीफोरले ४७८ वटा गुँड बनाएका समूहका अध्यक्ष कृष्णहरि प्रसाईंले बताए। एउटै रुखमा १० वटासम्म गुँड छन्।

'घुँगीफोरले सुक्खा रुखहरूमा गुँड बनाउने गर्छन् भने घुँगी तथा साना जलचर खाने गर्छन्,' उनले भने, 'हामीले अवलोकन गर्दा १०४ वटा रुखमध्ये केबल तीन वटामा मात्र हरियो रुखमा गुँड देखिएको छ, बाँकी सबै सुक्खा रुखमा छन्।'

प्रजनन याममा घुँगीफोरहरूको गतिविधि हेर्न पन्छी अवलोकनकर्ता र संरक्षणकर्मीहरू उत्साहका साथ आउने गरेका छन् । उनले भने, 'प्रजनन अवधिमा गुँडहरूमा असर नहोस् भनेर पोखरी क्षेत्रमा डुङ्गाजस्ता पर्यटकीय गतिविधिहरू बन्द गरिएको छ।' *रासस*

## आजको राशिफल

**मेष**
काममा प्रगति हुनेछ। आर्थिक लाभको योग छ। पारिवारिक मेलमिलाप बढ्नेछ।

**वृष**
स्वास्थ्य सतर्कता अपनाउनुपर्ने दिन छ। नयाँ काम थाल्दा धैर्य आवश्यक छ। खर्च बढ्न सक्छ।

**मिथुन**
साथीभाइबाट सहयोग पाइनेछ। पढाइ, लेखन वा अनुसन्धानमा प्रगति हुनेछ। दिन सुखद् रहला।

**कर्कट**
व्यापार-व्यवसायमा फाइदा हुनेछ। परिवारमा सुख शान्ति बढ्नेछ। शुभ समाचार पाइनेछ।

**सिंह**
मानसम्मान र प्रतिष्ठा बढ्ने सम्भावना छ। नयाँ अवसर आउन सक्छ। प्रेम जीवनमा प्रगाढता बढ्नेछ।

**कन्या**
धनलाभको योग छ। पुराना योजनामा सफलता मिल्नेछ। यात्रा सफल हुनेछ।

**तुला**
काममा केही चुनौती आउन सक्छ। तर मेहनत र धैर्यले राम्रो नतिजा ल्याउनेछ।

**वृश्चिक**
आत्मविश्वास बढ्नेछ। सामाजिक मान-प्रतिष्ठा वृद्धि हुनेछ। धनलाभको सम्भावना छ।

**धनु**
नयाँ अवसर आउन सक्छ। वैदेशिक वा शिक्षा सम्बन्धी काममा प्रगति हुने देखिन्छ। परिवारसँग खुसी साटासाट हुनेछ।

**मकर**
कर्म क्षेत्रमा सफलता मिल्नेछ। मानसम्मान वृद्धि हुनेछ। आर्थिक पक्ष सुदृढ हुने सम्भावना छ।

**कुम्भ**
नयाँ सीप वा ज्ञान प्राप्त गर्ने अवसर पाइनेछ। प्रेम जीवनमा मधुरता बढ्नेछ। मित्रसँग सुदृढ हुनेछ।

**मीन**
स्वास्थ्यमा ध्यान दिनुपर्ने दिन छ। खर्च बढ्न सक्छ। धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को २०८२/०५/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./३३५७३, मिति २०८२/०५/०३ को पत्र अनुसारको निर्णयबाट साविकको पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. (Pushpanjali Event Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## प्रधानमन्त्रीले विश्वासको...

'प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूमध्ये एक चौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन्,' संविधानमा भनिएको छ, 'तर, प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन।'

प्रधानमन्त्री ओलीले विश्वासको मतको प्रश्न उठेका बेला दुई ठूला दलसहितको बहुमत सरकार भएकाले पुनः लिनु नपर्ने बताएका थिए। अब यो विषय अदालतमा पुगिसकेकाले निर्णय कुर्नुको विकल्प छैन। ओली गत वर्ष साउन पहिलो साता प्रतिनिधिसभामा दुई तिहाइ सांसदको समर्थन पाएका थिए। २७५ सदस्यमध्ये उनको प्रस्तावको पक्षमा १८८ र विपक्षमा ७४ मत परेको थियो भने एक मत तटस्थ थियो। संसद्मा मतदानका बेला २६३ जनाको उपस्थिति थियो। कांग्रेस, एमाले, जसपा, जनमत, लोसपा, नागरिक उन्मुक्ति र केही स्वतन्त्र सांसदले मत दिएका थिए भने माओवादी केन्द्र, रास्वपा, राप्रपा र एकीकृत समाजवादीले भने विपक्षमा मत दिएका थिए। नेमकिपाका एकमात्र सांसद प्रेम सुवाल तटस्थ बसेका थिए।

## एम्बुलेन्सका लागि...

साथै, जुनसुकै ठाउँबाट सेवा लिनका लागि '१०२' नम्बरमा सम्पर्क गर्न सकिने र सबै एम्बुलेन्स जीपीएस प्रणालीमा आबद्ध हुनुपर्ने प्रावधान राखिएको छ।

सेवाको गुणस्तरमा एकरूपता ल्याउन र नियमन गर्न निर्देशिकाले एम्बुलेन्सको वर्गीकरण गरेको छ। निर्देशिकाले एम्बुलेन्स सेवावापत लाग्ने शुल्कमा एकरूपता र नियमनको व्यवस्था गरेको छ। गरिब, असहाय तथा विपद्मा परेका बिरामीलाई निःशुल्क सेवा प्रदान गर्नुपर्ने प्रावधान निर्देशिकामा राखिएको छ।

# नगरपालिकाको राजस्व मेयरको पेट्रोल पम्पमा

**सुशील ढुंगाना**
**कैलाली, भदौ ५**

कैलालीको गौरीगंगा नगरपालिकामा नगरप्रमुख देवीदत्त कँडेलले ठेकेदारसँग मिलेमतो गरी नगरपालिकाको राजस्व आफ्नै निजी पेट्रोल पम्पको खातामा जम्मा गराएको खुलासा भएको छ। पालिकाको वडा नं. ४ मा रहेको जोगनिया तालको ठेक्काबाट संकलन हुनुपर्ने पाँच लाख रुपैयाँ नगरको खातामा नगई मेयर कँडेलको 'मनमाना पेट्रोल पम्प'मा जम्मा भएको खुलेको हो।



ठेक्का लिएका ठेकेदार मोहन गिरीले मेयरकै निर्देशनमा दुई पटक दुई लाख र तीन लाख गरी पाँच लाख रुपैयाँ उक्त पेट्रोल पम्पमा जम्मा गरेको स्वीकार गरेका छन्। गिरीका अनुसार तालको ठेक्का उनले पालिका गठन हुनुअघि साविक चौमाला गाविससँग लिएका थिए। पालिका गठन भएपछि ठेक्कासम्बन्धी सबै जिम्मेवारी स्थानीय तहमा आए पनि राजस्व नगरको खातामा जम्मा नहुनु गम्भीर अनियमितता हो।

राजस्व शाखामा सोध्दा पनि जोगनिया तालको ठेक्का सम्झौता, तिरेको रकम वा बाँकी रहेको विवरण केही फेला परेको छैन। शाखा प्रमुख चित्रराज जोशीले ठेकेदारबाट पैसा लिएको कुनै प्रमाण नभएको स्पष्ट पारेका छन्। नगरपालिकाका एक कर्मचारीका अनुसार पुराना कागजातहरू मेयरसँग नजिकका कर्मचारीहरूले नै गायब पारेका छन्।

मेयर कँडेलले ठेकेदारसँग मौखिक सहमति गर्दै पाँच लाख रुपैयाँ आफ्नै पम्पमा राखेर बाँकी रकम मिनाहा गर्ने प्रस्ताव गरेका थिए। केही समयअघि कार्यपालिकामा यो विषय उठेपछि मेयरले गल्ती स्वीकार गर्दै छिट्टै रकम नगरको खातामा फिर्ता गर्ने प्रतिबद्धता जनाएका थिए। समाचार तयार पार्दासम्म भने रकम फिर्ता भएको छैन।

गौरीगंगा नगरपालिकामा जोगनिया तालमात्र होइन, भैसवा, वनताल, लोटेहुवा, रारा, त्रिवेणी र चम्रैया ताल समेत ठेक्कामा दिइएका छन्। तर कसले, कहिले, कति रकममा ठेक्का लियो भन्ने कुनै अभिलेख नगरसँग छैन। स्थानीयले मेयरले आन्तरिक मिलेमतोका आधारमा केही ठेकेदारलाई रकम नै नतिरी काम गराएको आरोप लगाएका छन्।

यस्ता गतिविधिका कारण मेयर कँडेलको आलोचना आफ्नै पार्टीका जनप्रतिनिधिहरूबाट समेत हुन थालेको छ। वडा नं. ९ का अध्यक्ष राजकुमार थारु लगायतका वडाध्यक्षहरूले मेयरले गल्ती नसच्याए कडा कदम चालिने चेतावनी दिएका छन्। स्थानीय नागरिकहरूले समेत निष्पक्ष छानबिन समिति गठन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन्।

यसअघि पनि मेयर कँडेलमाथि सरकारी ढुङ्गा-गिट्टी हिनामिनाको आरोप लागेको थियो। उनले आफ्नो जन्मदिनको खर्च पालिकालाई तिराउन दबाब दिने, कार्यालयको सामान आफ्नो घरमा लैजाने, आफ्नै घरमा प्रमुख प्रशासकीय अधिकृतलाई डेरामा राखी दोब्बर भाडा लिने लगायतका आरोपहरू लाग्दै आएका छन्।

यी सबै अनियमितताहरू नियन्त्रण गर्ने क्रममा प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीमाथि समेत आक्रमण भएको थियो। गत साउन १ गते मेयरका ज्वाइँ उमेश जोशीले कार्यकक्षमै जोशीमाथि हातपात गरेका थिए। घाइते जोशी काठमाडौंमा उपचाररत छन् भने यतिबेला पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन छ।

फरार रहेका उमेश जोशी पछि अदालतमा उपस्थित भई ६ हजार रुपैयाँ धरौटीमा रिहा भएका छन्। स्थानीयले यस्ता गतिविधिले नगरको साख गिर्दै गएको भन्दै तत्काल उच्चस्तरीय छानबिन र दोषीमाथि कानूनी कारबाही गर्न माग गरेका छन्।

# रुकुम पूर्वको सदरमुकाम विवाद चुलियो

**काठमाडौं, भदौ ५**

रुकुम पूर्वको सदरमुकाम सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ को रुकुमकोटलाई तोक्ने मन्त्रिपरिषद्को निर्णयप्रति सरोकारवालाहरूले विरोध जनाएका छन्। भूमे-पुथा सदरमुकाम संघर्ष समितिले बिहीबार पत्रकार सम्मेलन गर्दै उक्त निर्णयको विरोध गरेको हो। समितिले सरकारको निर्णयलाई अन्यायपूर्ण, अवैज्ञानिक र स्थानीय जनताको भावनाविपरीत भएको दाबी गर्दै तत्काल सच्याउन माग गरेको छ।

सरकारले गत साउन ७ गते रुकुम पूर्वको सदरमुकाम रुकुमकोट तोक्ने निर्णय गरेको थियो। भूमे-पुथा सदरमुकाम संघर्ष समितिका संयोजक बलमान पुन मगरले आफूहरूमाथि राज्यले अन्याय गरेको बताए। पुथा उत्तरगंगा र भूमे गाउँपालिका गरी २३ वडा भएको ठाउँमध्येमा सदरमुकाम तोकिनुपर्नेमा अदालतको फैसलासमेतलाई बेवास्तागरी केही व्यक्तिहरूको स्वार्थमा सिस्नेको रुकुमकोटमा सदरमुकाम तोकिएको उनले बताए।

'हामीलाई राज्यले अपहेलना, अन्याय, अत्याचार गरेको छ। केही व्यक्तिहरूले हाम्रो पुथा उत्तरगंगा र भूमे गाउँपालिका गरी २३ वडा भएको सिस्ने गाउँपालिकामा ८ वटा गरी ३१ वटा भएकोमा बहुमतको आधारमा पनि भूमे अथवा पुथा उत्तरगंगालमा सदरमुकाम तोकिनुपर्नेमा केही व्यक्तिहरूको व्यक्तिगत स्वार्थको लागि राज्यले अदालतको फैसलासमेत बेवास्ता गरी रुकुममा यथावत गर्ने निर्णय गरेकोले त्यसको घोर भर्त्सना गर्दछु,' उनले भने।




मन्त्रिपरिषदले सो निर्णय गर्दा रुकुम पूर्वका ६ जनप्रतिनिधिमध्ये ४ जना (१ प्रतिनिधिसभा सदस्य र ३ प्रदेशसभा सदस्य) र जिल्लाका तीन स्थानीय तहमध्ये भूमे र पुथा उत्तरगङ्गा गाउँपालिकाकाका कुनै पनि जनप्रतिनिधिहरूसँग राय, सल्लाह, सुझाव र सहमति नलिएको उनले बताए।

सरकारले रुकुम पूर्वका जनप्रतिनिधिहरू प्रति उपेक्षा र अपमान भएको र जनभावना समेतलाई लत्याउने काम भएको भूमे-पुथा सदरमुकाम संघर्ष समितिको ठहर रहेको छ। 'पर्वत्या हाम्रो अस्तित्व, बचाउने हाम्रो दायित्व' भन्ने मूल नारासहित समितिले रुकुम पूर्व र काठमाडौं उपत्यकालाई लक्षित गरी संघर्षका कार्यक्रमसमेत तय गरेको छ।

भूमे-पुथा सदरमुकाम संघर्ष समितिले सरकारले सदरमुकामसम्बन्धी गरेको निर्णय गलत रहेको निष्कर्ष निकालेको छ।

उक्त गलत निर्णयलाई विनाशर्त सच्याउन र रुकुम पूर्वको नयाँ सदरमुकाम भूमे वा पुथा उत्तरगङ्गा गाउँपालिकाको जुनसुकै स्थानमा सबैलाई न्याय हुनेगरी तोक्न माग गरिएको छ। संघर्ष समितिले आजकै मितिदेखि लागू हुनेगरी विभिन्न तहका चरणबद्ध आन्दोलनहरू गर्ने निर्णय गरेको छ।

# दुप्चेश्वर मन्दिरमा ढेड करोडभन्दा बढी भेटी संकलन




**नुवाकोट, भदौ ५**

नुवाकोटको प्रसिद्ध धार्मिक स्थल दुप्चेश्वर महादेव मन्दिरमा भक्तजनको बढ्दो चहलपहलसँगै मन्दिरमा संकलित भेटीको आम्दानी उल्लेख्यरूपमा बढेको छ। आर्थिक वर्ष २०७८/७९ मा यहाँबाट करिब रु एक करोड ४४ लाख ८० हजार भेटी संकलन भएको दुप्चेश्वर क्षेत्र विकास कोषका कोषाध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए।

कोषाध्यक्ष श्रेष्ठका अनुसार यो रकमबाट रु ३२ लाख २१ हजार मन्दिरको सञ्चालन र व्यवस्थापनमा खर्च भएको छ। यसमा कर्मचारी तलब, आरती, स्वयंसेवक र आवश्यक सामग्रीको खरिद समावेश छ। दुप्चेश्वर क्षेत्र विकास कोषले आम्दानी र खर्चको विवरण पारदर्शीरूपमा सार्वजनिक गर्दै आएको छ र दैनिक भेटी गणना मन्दिर परिसरमा सीसीटीभी निगरानी तथा सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रशारण गरिन्छ।

साउन महिनामा मात्र करिब ५० हजार भक्तजनले दर्शन गरेको अनुमान गरिएको छ र त्यसै अवधिमा ३१ लाख ८३ हजार रुपैयाँ भेटी संकलन भएको छ। स्थानीय गाउँपालिकाका अध्यक्ष शङ्करबहादुर थापाले भने, 'मन्दिरका गतिविधि गाउँपालिकाको सेवा र सुशासनसँग जोडिएको भएकाले सबै क्रियाकलाप पारदर्शी बनाइएको हो।'

मन्दिरका पुजारी भगवानहरि धितालले भक्तजनको बढ्दो आकर्षणलाई आस्था र मनोकामना पूरा हुने जनविश्वाससँग जोड्दै भने, 'दुप्चेश्वर महादेवको पूजा गरेपछि सन्तानको मनोकामना पूरा हुने, बोल्न नसक्ने बालबालिका बोल्ने हुने, थारागाईभैँसीको दाम्लो चढाएमा ब्याउने हुने विश्वासका कारण पनि भक्तजन बढिरहेका छन्।'

पौराणिक कथनअनुसार ४०० वर्षअघि एक तामाङले हराएको गाई खोज्दा यहाँ दूध चढाइरहेको शिला भेटिएकाले त्यसलाई दुग्धेश्वर महादेव मानिन्छ। मन्दिरसम्म पुग्न सजिलो सडक मार्ग र भौतिक सुधारका कारण शनिबार र सोमबार हजारौं दर्शनार्थी आउने गरेका छन्।

धार्मिक, आध्यात्मिक र सांस्कृतिक महत्त्व बोकेको यो मन्दिरले नुवाकोटको धार्मिक पर्यटन र शिवप्रतिको आस्था झनै बढाउन सहयोग पुर्‍याएको छ। किम्वदन्ती अनुसार महादेव शिवले पशुपतिनाथबाट दुप्चेश्वर आएर बसेको मानिन्छ, जसकारण दुप्चेश्वरलाई 'दोस्रो पशुपतिनाथ' को रूपमा पनि पूजा गरिन्छ।

# धानलाई मल वारि पाइँदैन, पारि अचाक्ली महँगो

news 24

**विराटनगर, भदौ ५**

मोरङका कृषकहरू यतिबेला धान बालीको सिजनमा आवश्यक युरिया मल अभाव भएपछि महँगो भारतीय मल खरिद गर्न बाध्य भएका छन्। सरकारले वितरण गर्ने युरिया मल पर्याप्त नपुग्दा कृषकहरूले चोरी पैठारी भएको भारतीय मल प्रति बोरा १४ सय रुपैयाँसम्ममा खरिद गर्न बाध्य भएका हुन्।

सरकारी स्तरमा कृषि सामग्री कम्पनी लिमिटेडले विक्री गर्ने युरिया मलको मूल्य आठ सय ५० रुपैयाँ भए पनि, स्थानीय सहकारीमा सहज रूपमा मल नपाउने भएपछि भारतबाट आउने कमसल मल समेत उच्च मूल्यमा खरिद गर्नुपर्ने बाध्यता कृषकहरूको छ।

कटहरी गाउँपालिका मोरङका कृषकहरूका अनुसार, मल समयमा उपलब्ध नहुनुका कारण उनीहरू पहिले नै मकै खेतका लागि मल संकलन गर्न थालेका छन्। 'सरकारले दिन्छ, तर धेरै कम मात्रा दिन्छ,' एक स्थानीय कृषकले गुनासो गर्दै भने, 'अब जोखिम उठाएर भए पनि भारतीय मल हाल्नुपर्ने बाध्यता छ।'

धान रोपाइँपछि तेस्रो सातामा युरिया मल प्रयोग गरिन्छ। तर कृषकहरूका अनुसार, सहकारी संस्थाहरूले अहिले डीएपी मल मात्र वितरण गरिरहेका छन्, जसले गर्दा युरियाको आपूर्ति नहुनु थप समस्याको विषय बनेको छ।

**प्रादेशिक आपूर्तिको अवस्था**

कृषि सामग्री कम्पनी लिमिटेड विराटनगरका प्रादेशिक प्रबन्धक नरेश सापकोटाका अनुसार, साउन महिनामा विराटनगर क्षेत्रबाट ४,३३९ मेट्रिक टन युरिया, ६,०३९ मेट्रिक टन डीएपी र ५४ मेट्रिक टन पोटास मल वितरण गरिएको छ।

कोशी प्रदेशका १३ जिल्लाका लागि थप २,७७५ मेट्रिक टन युरिया मल वितरणको तयारी पूरा भइसकेको र भदौ पहिलो साता भित्र सबै जिल्लामा मल पुगिसक्ने जानकारी सापकोटाले दिएका छन्।

हाल कृषि सामग्री कम्पनी लिमिटेड विराटनगरको गोदाममा ५,७०७ मेट्रिक टन युरिया र १,०९४ मेट्रिक टन पोटास मौज्दात रहेको छ। डिएपी मल भने भारतबाट आइरहेको र वितरण भइरहेको कम्पनीले जनाएको छ।

# आयोगको परीक्षामा नक्कली परीक्षार्थी पक्राउ

**काठमाडौं, भदौ ५**

लोक सेवा आयोगको सञ्चार/इञ्जिनियर प्राविधिक प्रहरी जवान पदको परीक्षामा नक्कली परीक्षार्थी बनेर परीक्षा दिइरहेका चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा २५ वर्षीय श्यामशंकर सिंह र २० वर्षीय भरत तिरुवा छन्। उनीहरूलाई सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७ इत्रामस्थित लोक सेवा आयोग कार्यालयमा परीक्षा दिने क्रममा पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) मोहनजङ्ग बुढाथोकीका अनुसार श्यामशंर सिंह जाजरकोटको कुशे गाउँपालिका-७, समकोटका बासिन्दा हुन्। उनले छेडागाड नगरपालिका-१२ निवासी धर्मराज चनराको नाममा परीक्षा दिइरहेका थिए।

त्यस्तै, भरत तिरुवा दैलेखको भगवतीमाई गाउँपालिका-७ का हुन्। उनी सोही गाउँपालिका-५ का सुशील शाहीको सट्टामा परीक्षामा सहभागी भएका थिए।

प्रहरीका अनुसार, ती नक्कली परीक्षार्थीहरूले परीक्षा प्रवेशपत्र र नागरिकताको फोटो समेत परिवर्तन गरी परीक्षा दिन खोजेका थिए।

जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको टोलीले चारै जनालाई नियन्त्रणमा लिएको हो। अहिले उनीहरूविरुद्ध लिखत किर्ते सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ। *रासस*

# जनता क्याम्पसले पायो नौ बिघाभन्दा बढी जग्गा

**महोत्तरी –** बर्दिबासस्थित जनता बहुमुखी क्याम्पसले नौ बिघा एक कट्ठा नौ धुर जग्गा प्राप्त गरेको छ। विपन्न परिवारका विद्यार्थीहरूको उच्च शिक्षाको गन्तव्य रहे को क्याम्पसले आर्थिक समस्या भोग्दै आएको थियो।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमालका अनुसार, यो जग्गा साबिक बहादुरगञ्ज-२ (ङ) को कित्तानम्बर १७ र १८ बाट प्राप्त भएको हो। यस जग्गामा अब थप भवन, खेलमैदान, उद्यान र छात्रावास निर्माण गरिनेछ।

जनता बहुमुखी क्याम्पस विगतमा बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको थियो। पाँच/छ वर्षअघि बर्दिबास-१४ मा ३ कट्ठा जग्गामा नयाँ भवन बनाएर संचालन गरिएको यस क्याम्पसमा हाल करिब १२०० विद्यार्थी अध्ययनरत छन्।

क्याम्पसलाई बर्दिबास नगरपालिकाको सिफारिसमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन गरिएको जग्गा प्राप्ति सिफारिस समितिको निर्णयअनुसार जग्गा उपलब्ध भएको हो।

महोत्तरीका बर्दिबास, भंगाहा, औरही, गौशाला नगरपालिका र धनुषाको मिथिला नगरपालिका क्षेत्रबाट विद्यार्थीहरू यहाँ पढ्न आउँछन्। क्याम्पस प्रमुख सीताराम खड्काका अनुसार, क्याम्पसमा विद्यार्थीको लगभग ६० प्रतिशत छात्रा रहेको छ।

हाल क्याम्पसमा वाणिज्य र शिक्षा संकायमा स्नातक तह र शिक्षा संकायमा स्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन भइरहेको छ। साथै, मानविकी संकायमा स्नातक र वाणिज्य संकायमा स्नातकोत्तर तहको स्वीकृतिका लागि पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ। *रासस*

# लुम्बिनी प्रदेश 'पूर्ण खोप सुनिश्चित' प्रदेशका रूपमा घोषणा

**बिमल पुरी**
**बुटवल, भदौ ५**

लुम्बिनी प्रदेश अब 'पूर्ण खोप सुनिश्चित र दिगोपना कायम भएको' प्रदेश घोषित भएको छ। प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बिहीबार देउखुरीस्थित राप्ती उपत्यकामा आयोजित विशेष समारोहमा उक्त घोषणा गरेका हुन्। यो उपलब्धिसँगै लुम्बिनी प्रदेश नेपालको पहिलो पटक पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने र त्यसलाई दिगो बनाउने प्रदेश बन्न सफल भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा गरिएको घरधुरी सर्वेक्षणमार्फत १६ देखि २३ महिनासम्मका ७०,५१८ बालबालिकालाई १५ महिनाभित्र आवश्यक सबै खोप उपलब्ध गराइएको तथ्याङ्क सार्वजनिक गरिएको छ। यिनमा पनि शून्य डोज रहेका ६९ बालबालिका र छुटिएका २,३८७ बालबालिकालाई विशेष खोजी अभियानमार्फत खोप दिइएको थियो।

मुख्यमन्त्री चेतनारायण आचार्यले आफ्नो सम्बोधनमा भने 'अब कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नहोस् भन्ने उद्देश्यका साथ अभियानलाई अझ प्रभावकारी बनाइनुपर्छ'। कार्यक्रममा स्वास्थ्य मन्त्री खेम सारु सहित अन्य सहभागीले अभियानलाई दिगो बनाउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

समारोहमा राष्ट्रिय खोप समन्वय समिति सचिवालयका अध्यक्ष विकास देवकोटाले लुम्बिनीका स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठलाई 'पूर्ण खोप सुनिश्चित प्रदेश' घोषणा भएको प्रमाणपत्र हस्तान्तरण गरे। साथै, अभियानमा उल्लेखनीय योगदान दिएका पाँच जना स्वास्थ्यकर्मीहरू (ओमप्रकाश पन्थी, दीपकर महर्जन, जनकराज गिरी, चिन्तामणि ज्ञवाली र हरिप्रसाद आचार्य) लाई विशेष सम्मान प्रदान गरिएको थियो।

ड्रपआउट दरका हिसाबले सबैभन्दा बढी बाँकेमा सात सय ६२, कपिलवस्तुमा छ सय ५२ र रुपन्देहीमा चार सय ४४ बालबालिका खोपबाट छुटेका थिए। रुकुमपूर्व भने 'शून्य ड्रपआउट' देखिएको जिल्ला बन्यो।

'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना' अभियान २०८२ जेठ ८ मा नवलपरासी पश्चिमबाट सुरु भई पालो पालो रोल्पा, पाल्पा, कपिलवस्तु, बाँके, रुपन्देही, प्युठान, रुकुमपूर्व, दाङ, गुल्मी, बर्दिया हुँदै अन्त्यमा २०८२ असार २७ मा अर्घाखाँचीमा घोषणा गरिएको थियो।



# पाँच वर्षसम्म पनि सञ्चालन भएनन् आधारभूत अस्पताल

**पर्वत, भदौ ५**

'एक पालिका, एक अस्पताल' अभियानअन्तर्गत विगत पाँच वर्षदेखि पर्वत जिल्लाका विभिन्न स्थानीय तहमा निर्माण थालिएका आधारभूत अस्पतालहरू अझै सञ्चालनमा आउन सकेका छैनन्।

ग्रामीण नागरिकलाई सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले थालिएको अस्पताल निर्माण कार्य अलपत्र परेको छ। जिल्लाका सात स्थानीय तहमध्ये कुश्मा नगरपालिका र जलजला गाउँपालिकामा भवन त बनेको छ, तर ती अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन। अन्य स्थानमा त अस्पताल भवन निर्माण नै पूरा हुन सकेको छैन।

मोदी गाउँपालिका-५ स्थित बाजुङ पोखरेमा १५ शैय्याको अस्पताल शिलान्यास भएको पाँच वर्ष बित्दा पनि आवश्यक जग्गा प्राप्ति प्रक्रिया पूरा हुन सकेको छैन। वडा नं. ५ का वडाध्यक्ष मानबहादुर अधिकारीका अनुसार, जनताको माग अनुसार गाउँपालिकाले गत वर्ष भवन भाडामा लिएर अस्पताल सञ्चालन गर्ने योजना बनाएको छ।

कुश्मा नगरपालिका-१२ ठूली पोखरीमा करिब पाँच करोड खर्च गरेर १० शय्याको अस्पताल भवन निर्माण भए पनि स्रोतसाधन अभावका कारण सञ्चालन हुन सकेको छैन। सो वडाका वडाध्यक्ष झलक रिमालले यस विषयमा गुनासो व्यक्त गरेका छन्।

जलजला गाउँपालिकाका सूचना अधिकारी भेषराज आचार्यले भने, वडा नं. ३ मल्लाजमा करिब दस करोड खर्च भएर भवन निर्माण भए पनि अस्पताल सञ्चालनमा आउन नसकेको जानकारी दिएका छन्।

फलेवास नगरपालिका-६ देविस्थानमा पाँच रोपनीभन्दा बढी जग्गा उपलब्ध गराइएको भए पनि स्वास्थ्य मन्त्रालयबाट प्राप्त एक करोड ७० लाख रुपैयाँले सुरु गरिएको भवन निर्माण अझै अधूरो छ।

महाशिला गाउँपालिका-५ लुंखुदेउरालीमा १५ शय्याको अस्पताल निर्माणका लागि ठेकेदारसँग १३ करोड ४१ लाखमा सम्झौता भई विसं २०७८ मा काम सुरु भए पनि भवन निर्माण लगभग २० प्रतिशत मात्र सम्पन्न भएको छ। सूचना अधिकारी नरबहादुर बरालले जानकारी दिएका छन्।

पैयुँ गाउँपालिका-४ हुवासमा १० शय्याको अस्पताल निर्माणका लागि रु १० करोड खर्च गरिए पनि पटकपटक म्याद थप गर्दै पनि काम अधूरो छ।

त्यस्तै, विहादी गाउँपालिकामा पनि आधारभूत अस्पतालको भवन निर्माण हुन सकेको छैन। प्रशासकीय अधिकृत यमनबहादुर रेग्मीका अनुसार संघीय सरकारको सहयोगमा वडा नं. २ बर्राचौरमा निर्माण थालिएको १० शय्याको बिहादी अस्पताल सात वर्षदेखि अलपत्र अवस्थामा छ। *रासस*

## सम्पादकीय

# राष्ट्रिय ऐक्यबद्धताको खाँचो

*भारत र चीनबीच विवादास्पद लिपुलेक पास प्रयोग गरी द्विपक्षीय व्यापार खोल्ने सहमतिले नयाँ तरंग ल्याएको छ। यो तरंग देशको सार्वभौमिकतासँग जोडिएको हुँदा यसबारेमा बेलैमा उचित कदम चाल्नुपर्ने देखिन्छ। हुन त लिपुलेकमार्फत छिमेकीले व्यापार गर्ने निर्णय गर्दा नेपाल सरकारले भने उक्त भूभागमा आफ्नो दाबी नछाडेको स्पष्ट पारिसकेको छ। तर त्यसको उचित सुनुवाइ नहुँदासम्म समस्या समाधान भएको मान्न सकिँदैन।*

*लिपुलेक, कालापानी र लिम्पियाधुरासहित करिब ३७२ वर्ग किलोमिटर भूभाग नेपालले आफ्नो भूमि भएको भारत र चीन दुवैलाई आज होइन सन् २०१५ मै जनाइसकेको थियो। सन् १८१६ को सुगौली सन्धिअनुसार काली नदीको पश्चिमतर्फ पर्ने सम्पूर्ण भूभाग नेपालमा पर्ने स्पष्ट भए पनि भारतले त्यस क्षेत्रमा स्थायीरूपमा सैन्य उपस्थिति कायम राखेको अवस्था हो। भारत र चीनबीच सन् १९५४ मा भएको 'तिब्बत क्षेत्रसँग व्यापार र सम्पर्कसम्बन्धी सम्झौता' अनुसार लिपुलेक नाकाबाट तीर्थयात्रा र सानातिना व्यापार सम्भव भएको थियो। त्यसपछि 'हिन्दी-चिनी भाइ-भाइ' को नारा समेत प्रचलित भयो। तर सन् १९६२ मा सीमाविवादका कारण भएको युद्धले सम्झौताहरू रद्द भए। युद्धपछि चीनले अक्साई चीन कब्जा गर्दा भारतले नेपालकै लिपुलेक, कालापानी, लिम्पियाधुरा क्षेत्रमा सैन्य अड्डा जमायो। विज्ञहरूले भन्दै आएका छन्, 'भारत र चीनले मित्रता कहिले प्रगाढ बनाउँछन्, कहिले तनाव सिर्जना गर्छन्। दोक्लम, गलवान, अरुणाचलजस्ता विवादले यो प्रष्ट हुन्छ। तर जब आर्थिक स्वार्थ मिल्छ, उनीहरू एकअर्कासँग सहमत हुन्छन्।' भारतले चीनबाट वार्षिक ९४ अर्ब डलर बराबरको सामान आयात गर्छ भने चीनले भारतबाट २८ अर्ब डलरको कच्चा पदार्थ किन्छ।*

*चीनसँगको व्यापारका लागि भारतले नेपालको सहमतिबिना मानसरोवर मार्ग निर्माण गरेकोमा नेपालले विरोध जनाएको थियो। तर भारतले संवादको लागि चासो नदेखाएको अवस्था थियो। भारतले सन् १९५४ देखि लिपुलेक प्रयोग गर्दै आएको दाबी गरे पनि नेपालले आफ्नो भूमिमा कुनै पनि किसिमको दाबी त्याग्न सक्दैन। भारतले २०७६ मा नयाँ नक्सा प्रकाशित गरेपछि सीमा विवाद चर्किएको थियो। नेपालले पनि २०७७ मा संसद्बाट नयाँ नक्सा पारित गऱ्यो। त्यो बेला नेपाली राजनीतिक दलहरूले सडकदेखि संसद्सम्मै विरोध गरे पनि हाल यो विषयमा प्रमुख दलहरू मौन रहेका छन्। तर यसबेला नेपालले दुवै छिमेकीलाई तत्कालै कूटनीतिक नोट पठाएर आफ्नो भूमि प्रयोग गर्न नमिल्ने स्पष्ट सन्देश दिनु जरुरी छ।*

*नेपाल र भारतबीच सीमा सम्बन्धी केही काम अझै पुरा भएको छैन नेपालका सीमाहरूमा भारतले ७० भन्दा बढी स्थानमा मिचिएको आकलन गरिएका छन्। सीमा स्पष्ट गर्ने र व्यवस्थित गर्ने काम भारतको आनाकानीले अड्किएको हो। नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह -ईपीजी)ले आफ्नो प्रतिवदेन तयार पार्दा पनि भारतले बुझ्न नमानेको अवस्था हो। अब अहिले आएर भारत र चीन दुवैले नेपालको सार्वभौमिकता बेवास्ता गर्दै लिपुलेक क्षेत्रलाई व्यापारिक मार्गको रूपमा विकास गर्न सहमति जनाउनु स्वस्थ्य कूटनीतिक अभ्यास होइन। तर, यसको निकास खोज्न नेपालले फेरि पनि आफ्नो कूटनीतिक दक्षता पनि देखाउनु पर्नेछ, जसलाई सबै राजनीतिक दलहरूले एक भएर सरकारलाई साथ दिनुपर्नेछ। किनभने द्विपक्षीय वा वहुपक्षीय बाह्य सम्बन्धको जिम्मेवार सरकार नै हो।*

*भारतलाई दिल्लीबाट ल्हासासम्म पुग्न लिपुलेक सबैभन्दा छोटो बाटो हो भने चीनलाई भारतीय बजारसम्मको सहज पहुँच पनि यसै बाटोमा हुनेछ। महंगो हवाई मार्ग र झन्झटिलो जल मार्गको उत्तम विकल्प सस्तो, किफायती स्थल मार्ग नै हो। सिक्किमको नाथुला मार्ग भूवनोटका कारणले उपयुक्त नभएपछि पनि भारतले लिपुलेकलाई प्राथमिकता दिनुपरेको हो। भारतले धेरै पहिलादेखि नै लिपुलेकको बाटो खोल्ने प्रयास गर्दै आएको हो। तर नेपालको भूमिमा परेको खण्ड भएका कारण काम अघि बढेको थिएन। चीनले लिपुलेक नेपालकै हो भनेर स्वीकारे पनि हाल भने भारतसँग सहमति जनाएको देखिन्छ। तर भारत र चीनले आफ्नो हित हेर्दा दुई देश बीच रहेको नेपालको हित बिर्सन मिल्दैन। हित गर्न नसके पनि अहित गर्न त मिल्दै मिल्दैन। यस्ता विषयमा नेपालले वक्तव्य दिएर बस्नुमात्र पर्याप्त छैन। तत्काल कूटनीतिक टोली भारत र चीन पठाएर वा दूतावासमार्फत स्पष्ट कुरा गर्न सक्नुपर्छ। विज्ञहरूले औंल्याउँदै आएका छन्- नेपालको कमजोरी भनेको यस्ता अन्तर्राष्ट्रिय सहमतिमा आफ्ना कूटनीतिक चासो र सन्देश समयमै प्रभावकारीरूपमा राख्न नसक्नु हो। अब त्यो कमजोरी सुधार्न सरकार गम्भीर हुनुपर्छ र यो मामिलामा सबै दलहरूले राष्ट्रिय अखण्डताको पक्षमा उभिँदै एक मत जाहेर गर्नुपर्नेछ। नेपालले भारत र चीनसँग त्रिदेशीय सहकार्यको प्रस्ताव राख्दै लिपुलेकलाई सबैका लागि लाभदायक व्यापारिक नाका बनाउन सक्ने सम्भावना छ।*

*विगतमा पनि नेपालले चीन र भारतसँगका धेरै समस्या र असमझदारीहरूलाई संवादका माध्यमबाट हल गरिएको उदाहरणहरू छन्। यो घटनाले पनि दुवै छिमेकीलाई नेपालले सशक्त अस्तित्व बोध गराउने मौका पाएको छ। यो भारत र चीनको व्यापारिक सम्झौता मात्र होइन संयुक्त हेपाइ हो भन्ने बुझाइ स्थापित हुनुहुँदैन। त्यसो भएमा त्यो नेपालको लागि कसैगरी स्वीकार्य हुने छैन। विगतमा दुई देशबीच रहेको यो विवाद पछिल्लो समय चीन पनि सामेल भएको अवस्था दुःखद् छ। दुई छिमेकीबीचको व्यापारलाई प्रशस्त गर्ने काममा नेपाल अवरोध बन्ने छैन। बरु नेपाल त्यो काममा सहजीकरण गर्न र मार्गप्रशस्त गर्न राजी छ। तर नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने काम भयो भने नेपालका लागि कुनै पनि हालतमा स्वीकार्य हुने छैन। त्यसका लागि नेपाल जस्तोसुकै मूल्य चुकाउन पनि पछि पर्न हुँदैन। दुई देश मिलेर नेपालको सीमा मिच्ने काम खेदजनक छ। सरकारले यसको सशक्त प्रतिवाद गर्नुपर्छ। यसमा सबै राष्ट्रिय शक्तिको ऐक्यबद्धता हुनुपर्छ।*

## जेन कथा

### प्रश्न

एकजना जेन गुरु र मनोचिकित्सक एउटा चौतारीमा थकाइ मार्न बसे। मनोचिकित्सकले कैयौं दिनदेखि जेन गुरुलाई एउटा प्रश्न सोध्न चाहन्थ्यो। उसले त्यही मौकामा सोध्यो पनि, 'वास्तवमा तपाईंले मानिसहरूलाई कसरी सहयोग गर्नुहुन्छ ?'

जवाफमा जेन गुरुले भने, 'म उनीहरूलाई यस्तो ठाउँमा लैजान्छु कि उनीहरू मलाई कुनै प्रश्नै सोध्न सक्तैनन्।'

***अच्युत कोइराला***

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# लिपुलेक : सिमानाको प्रतीकात्मक स्तम्भ



news24 दैनिक

**ध्रुवहरि अधिकारी**



**काठमाडौं (?)** कताली भनौं, भदौ ४ गते बुधबारका दिन भारतले दुई छिमेकी मुलुक नेपाल र बंगलादेशबाट एकसाथ तर भिन्न-भिन्न विषयमा सिकायत सुन्नुपऱ्यो। अनि, नयाँ दिल्लीस्थित विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवाल समाचारमाध्यमबाट आएका प्रश्नहरूको उत्तर दिने कार्यमा व्यस्त रहन पुगे। 'छिमेक पहिलो' भन्ने नीति रहेको हुनाले दिल्लीले साँध जोडिएका राष्ट्रलाई अग्राधिकार दिनु स्वाभाविकै हो।

चीन पनि भारतको सँधियार हो, तसर्थ अघिल्लो दिनसम्म त्यहाँबाट आएको उच्चस्तरीय शिष्टमण्डलसँगको भेटवार्तामा दिल्लीको कूटनीतिक संयन्त्र व्यस्त थियो- भारतीय प्रेसका सम्प्रेषणले यस्तै जनाउ दिइरहेका छन्। प्रसंग परराष्ट्रमन्त्री वाङ् यी र उनको भारत-भ्रमण।

थालनी बंगलादेशबाट गरौं। ढाकाको हालको सरकार गत वर्ष प्रधानमन्त्री पदबाट अपदस्थ भई भारत पलायन भएकी शेख हसिनाले बङ्गलादेशको अन्तरिम सरकार र राज्यकै विरुद्ध अवाञ्छित गतिविधि गरिरहेकी छिन् भन्ने धारणा राख्दछ। शेख हसिनाले दिल्ली र कोलकातामा कार्यालय खोलेर अर्थात् भारतको भूमिबाट बङ्गलादेशविरोधी कार्य गरिरहेकी छिन् भन्ने ढाकाको सिकायत रहेछ। त्यही बेहोराको जानकारी दिने ध्येयले बङ्गलादेशको परराष्ट्र मन्त्रालयले ताजा वक्तव्य दिएको रहेछ।

दिल्लीका प्रवक्ताले त्यसबारेको प्रेस-जिज्ञासालाई सम्बोधन गर्दै भारतबाट ढाकाविरुद्ध कुनै क्रियाकलाप भएको जानकारी भारत सरकारलाई छैन भन्ने उनको दाबी रह्यो। त्यसै क्रममा जैसवालको यो महत्त्वपूर्ण भनाइ पनि आएको छ- भारत सरकार भारतीय भूमिबाट 'अन्य देशहरूका विरुद्धमा' गतिविधि गर्ने कामलाई छुट दिँदैन। यो प्रशंसनीय मान्यता हो, र साथै छुट्टै समीक्षको पाटो पनि।

### समयोचित विज्ञप्ति

अब नियालौं नेपालको परराष्ट्र मन्त्रालयले प्रकाशित गरेको विज्ञप्ति र त्यसबारे दिल्लीको प्रतिक्रियालाई। प्रसंगवश, नेपालको विषय चीनसँग गाँसिने प्रकृतिको हुन आएको छ। किनभने, वाङ् यीको भ्रमणको अन्त्यमा दिल्लीबाट सार्वजनिक भएका बुँदाहरूमा भारत-चीन सीमा व्यापारका नाकाहरूको उल्लेख गर्दा लिपुलेक/लिपुलेख भञ्याङ (पास) को नाम पनि आएको छ।

अन्य नाकाबारे नेपालको सरोकार छैन, तर लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको 'अभिन्न भू-भाग' हो। तर नेपालको अनुमति वा सहमति नलिईकन चीन र भारतले व्यापारमार्ग खोल्ने निधो कसरी गरे त्यो आश्चर्यको कुरो हो। र, यसप्रति नेपालको असहमतिबारेको जानकारी नेपालको तर्फबाट २०७२ साल (सन् २०१५) सुशील कोइराला प्रधानमन्त्री भएका बखत नै भारत र चीन दुवै देशलाई अवगत गराएको हो। तर त्यसको बेवास्ता गरी भारतको उत्तराखण्ड राज्यबाट मानसरोबर जाने सडक निर्माण गरिएकोमा नेपालको सार्वजनिक रूपमै आपत्ति जनायो, त्यो दिल्लीले उसै बखत सुनेको हो। उतिखेरै पनि परराष्ट्र मन्त्रालयले वार्ताको प्रस्ताव राख्दा कोभिड महामारीको कारण देखाएर दिल्लीले संवादको आवश्यकताप्रति उपेक्षा गर्दै आयो। बेइजिङ पनि यसबारे बेखबर थिएन। कदाचित् उसलाई यो नेपाल र भारतबीचको मात्र मामिला हो भन्ने लागेको हुन सक्छ, तर त्यो एउटा 'मामिला' त हो भन्ने सम्मको जानकारी चीन सरकारलाई पक्कै थियो।

त्यसो हुँदा बेइजिङप्रति पनि नेपालको सिकायत हुनु आश्चर्यको कुरो भएन। हुनुहुँदैन। जहाँसम्म नयाँ दिल्लीका प्रवक्ताको कथनको प्रश्न छ, त्यसलाई सन् १९५४ देखि नै भारतले सीमाव्यापारमा प्रयोग गरेको दाबी गरेको देखिन्छ। तर यो एकपक्षीय दाबी स्वीकार गरी नेपालले साबिकदेखिको आफ्नो अभिन्न अङ्ग रहेको भूमि त्याग्न कदापि सक्दैन। किनभने, त्यसो गर्नु भनेको लिपुलेकबाट पश्चिममा रहेको कालापानी र लिम्पियाधुरासम्मको ५६ किलोमिटरभित्रको जमीनमाथिको हकदाबी सदाको लागि छोड्नुसरह हुन्छ। तर नेपालले यसो गरोस् भन्न न चीनले मिल्छ, न त भारतले नै।

बरू सानो भूगोलको देशलाई मर्का नपार्ने उपाय सोच्न सक्छन् उत्तर र दक्षिण दुवैतर्फका छिमेकीले। उदार हुने अवसर दुवैलाई छ। जग-जाहेर छ, डोनाल्ड ट्रम्पको अमेरिकाले हालै चलाएको व्यापार युद्धको असरमा परेका प्रमुख देशमा भारत पनि पऱ्यो। चर्को भन्सार दर तोकेर भारतीय उत्पादनलाई अमेरिकी बजारमा महँगो तुल्याई बिक्री घटाइदिने ट्रम्पको रणनीति टिकाउ नहुन सक्ला, तर तत्कालको लागि भने त्यसले भारतलाई अप्ठ्यारोमा पारेको कुरा प्रष्ट छ।

यस्तो कठिनाइका बखत दिल्लीले आफूलाई उपलब्ध विकल्पहरूको उपयोग गर्न खोज्नु अनौठो भएन। चीनसँगको सम्बन्ध सुधार गरेर आफ्नो स्थिति मजबुत गर्नु यस्तै एउटा विकल्प हो। भारतको यो मानसिकता बुझेर होला, आफैं अमेरिकासँग कडा प्रतिस्पर्धामा रहेको चीनले भारतसँगका सम्बन्ध सामान्य गराउनुमा आफ्नो राष्ट्रिय हित अनुकूलको प्रयास ठहरिने देख्यो। त्यसैले २४ औं चरणको सीमावार्ताको सन्दर्भ मिलाएर परराष्ट्रमन्त्री वाङ् यी विशेष प्रतिनिधिको हैसियतमा भारत पुगे। प्रष्टै छ, एक अर्ब ४० करोडको जनसंख्या भएको भारत र झण्डै उत्रै जनशक्ति भएको चीनबीचको बढ्दो निकटता बाँकी विश्वको लागि अभिरुचिको विषय भएको छ।

छरछिमेकको चासो त बाक्लो हुने भइहाल्यो। वास्तवमा, चीन र भारतमा समझदारीको नयाँ चरण प्रारम्भ हुँदा त्यसबाट दक्षिण एसियामात्र होइन सिंगो एसिया महादेश नै लाभान्वित हुन्छ। विश्वभरनै सकारात्मक सन्देश प्रवाह हुने कुरामा पनि दुईमत नहोला।

### कचिंगलका कारण

स्मरणीय छ, भू-भागबारेको अहिलेको कचिंगल २०७६ साल कार्तिक (सन् २०१९) मा दिल्लीको सरकारी निकायले नयाँ नक्सा प्रकाशित गरेपछि सुरु भएको हो। भारतीय नक्सामा नेपालतर्फको जमीनलाई उतातिर परेको देखाउनाले असमझदारी झाङ्गिन गएको थियो। त्यसको प्रतिवाद गर्ने क्रममा नेपालले पनि २०७७ साल जेठमा आफ्नो नक्सा कोरेर संसद्बाट सर्वसम्मतरूपमा पारित गरी संविधानको अनुसूचीमा समावेश गर्न बाध्य भयो। यो तथ्यबाट दिल्ली अनभिज्ञ छैन।

भन्नु परोइन, नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डता नेपालीहरूका लागि सर्वाधिक महत्त्वको वस्तु हो। राष्ट्रिय भावना गाँसिएको अहम् प्रश्न हो। तर यसमा भारतको संवेदनशीलता नेपाली जनताले यतिञ्जेल अनुभव गर्न पाएको छैन। नेपालको सिमाना दक्षिणतिर ७० भन्दा बढी ठाउँमा मिचिएको आकलन नै यसको प्रमाण हो। सीमाविद् बुद्धिनारायण श्रेष्ठलगायतबाट यसबारे बरोबर चर्चा भएको छ। उत्तरतर्फको सिमानामा भने खास समस्या देखिएको छैन।

आखिर सीमांकनको काम भारतीय पक्षकै आनाकानीले वर्षौंदेखि अड्किरहेको छ। यो कुरा दिल्लीका प्रवक्ताको लिखित भनाइको अन्तिम अनुच्छेदमा स्वीकार पनि गरिएको छ। सुल्झिन बाँकी सिमानासम्बन्धी प्रश्नहरू 'संवाद तथा कूटनीति'का माध्यमबाट सुल्झाउने कुरामा भारतको तत्परता दर्शाइनुबाट यही कुरो छर्लंग हुन्छ।

यसैगरी, नेपालका प्रवक्ताले सार्वजनिक गरेको विज्ञप्तिको तेस्रो (अन्तिम) बुँदामा सीमा समस्या 'कूटनीतिक माध्यमबाट समाधान गर्न' नेपाल सरकारको प्रतिबद्धता जनाइएको छ। अर्थात्, दुवै पक्ष कूटनीतिक हल खोज्न सहमत देखिन्छन्। तसर्थ अब दिल्लीले नेपालको मर्म र आग्रह बुझेर सिमाना छुट्याउने काम जति छिटो सम्पन्न गऱ्यो उति छिटो द्विपक्षीय सम्बन्ध निकट र सुमधुर हुनेछ। यसबाट दक्षिण एसियाका अन्य जटिल मामिलाहरूका लागि पनि न्यायोचित निकास खोज्न सघाउ पुऱ्याउने छ।

- **नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डता नेपालीहरूको लागि सर्वाधिक महत्वको वस्तु हो। तर यसमा भारतको संवेदनशीलता नेपाली जनताले यतिञ्जेल अनुभव गर्न पाएको छैन।**
- **नेपालको सिमाना दक्षिणतिर ७० भन्दा बढी ठाउँमा मिचिएको आकलन छ भने उत्तरतर्फको सिमानामा खास समस्या छैन। सीमाङ्कनको काम भारतीय पक्षकै आनाकानीले वर्षौंदेखि अड्किरहेको कुरा दिल्लीले स्वीकार गरेको छ।**
- **तर लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको 'अभिन्न भू-भाग' हो। नेपालको अनुमति वा सहमति नलिईकन चीन र भारतले व्यापारमार्ग खोल्ने निधो कसरी गरे त्यो आश्चर्यको कुरो हो।**
- **चीन र भारतले सानो भूगोलको देशलाई मर्का नपार्ने उपाय सोच्न सक्छन्। उदार हुने अवसर दुवैलाई छ। चीन र भारतमा समझदारीको नयाँ चरण प्रारम्भ हुँदा त्यसबाट दक्षिण एसिया मात्र होइन सिंगो एसिया महादेश नै लाभान्वित हुन्छ।**

# विश्वबजारमा बिक्न सक्छ चिउरीको मह

**– नवीन गोदार**

नेपालले विश्व बजारमा आफ्नै विशेष उत्पादनको रूपमा बेच्न सकिने धेरै उत्पादनमध्ये चिउरीको मह एक हो। चिउरी नेपालको रैथाने वनस्पति प्रजाति हो। चिउरीको मह उत्पादन गर्न सकिए नेपालले विश्वबजारमा आफ्नो छुट्टै ब्रान्ड बनाउन सक्छ। यसले देशलाई नाम र दाम दुवै दिन सक्छ। चिउरीको वैज्ञानिक नाम डिप्लोकेनिमा बुटेरेसिया हो। यो सोपोटसियाइ वनस्पति परिवारमा पर्दछ। यसलाई अंग्रेजीमा बटर ट्री भनिन्छ। चिउरी समुद्री सतहबाट २ सय देखि १५ सय मिटरसम्मका भीरपाखा, नदी किनार तथा खोंचमा हुन्छ। चिउरीको रुख १५ देखि २० मिटरसम्म अग्लो हुन्छ। सिमल, मालु लहरा, धयरो, सल्लो, टुनी हुने घामलाग्ने पाखाको ओसिलो माटोमा चिउरी हुर्कने गर्छ। नेपालको पूर्वदेखि पश्चिमी क्षेत्रसम्मकै वातारण र भूबनोट चिउरीको लागि उपयुक्त छ। हाल मध्य र सुदूरपश्चिम क्षेत्रमा चिउरीका वन बढी देखिएका छन्। चिउरीको विरुवाबाट उत्पादन लिनको लागि बोट कम्तीमा दश वर्षको हुनुपर्छ।

हल्का पहेलो रंगको फूल हुने चिउरी असोज कात्तिकदेखि माघसम्म फुल्छ। फागुन-चैतदेखि असारसम्म फल लाग्छ। फल काँचोमा हरियो र पाकेपछि पहेंलो हुन्छ। फलभित्र १ देखि ३ वटासम्म बिजुला हुन्छन्। एक बोट चिउरीबाट ६० देखि ७० किलोसम्म बिजुला निस्कन्छ। चिउरीको स्याउला गाइवस्तुले खान्छन् भने गाउँघरमा दुना, टपरी बनाउन पनि यसको पातको उपयोग हुन्छ। रुखमा फल लाग्ने चिउरीलाई औषधि वा विषादी हाल्नुनपर्ने हुँदा पूर्णतः जैविक उत्पादन मानिन्छ। देशमा कृषिमा आश्रित घरपरिवारमा ३५ लाखभन्दा माथि भएको आकलन छ, तर तीनमा मौरीपालनमा आबद्ध घरपरिवारको संख्या ४ हजार हाराहारी रहेको अनुमान छ। मौरीपालनको दायरा अलिकति बढाउने हो भने नेपालले मह उत्पादनमा ठूलो फड्को मार्न सक्छ। नेपालको मह उत्पादन चार वर्षयतादेखि उल्लेख्यरूपमा बढ्दै आएको



देखिन्छ। यद्यपि अझै ठूलो मात्रामा विदेशी मह आयात हुँदै आएको अवस्था छ। अनुदानमा उत्पादित सस्तो आयातित महलाई नेपाली महले प्रतिस्थापन गर्न नसक्ने मौरीपालनमा लागेका कृषक तथा मह व्यावसायीहरू बताउँछन्। मागभन्दा उत्पादन कम भएकाले विदेशी महलाई प्रतिस्थान गर्न केही समय लाग्ला। तर, उत्पादन बढाउन सकिए नेपाली बजारलाई चाहिने मह आयात गर्नु नपर्ने अवस्था आउन सक्छ। तर राज्यको ध्यान कृषि विकासका यस्ता सम्भावित क्षेत्रमा नभएको धारणा विज्ञहरूको छ।

नेपालमा मौरीपालन नै पनि ठूलो सम्भावना भएको क्षेत्र हो। तर मौरीपालन राज्यको कृषि विकासको प्राथमिकतामा पर्न सकेको देखिँदैन। मौरीपालन केन्द्रले मौरीपालनसम्बन्धी सघन तालिम, औजार निर्माण सम्बन्धि तालिम त दिँदै आएको छ। यसबाहेक किसानहरूलाई आवश्यक अन्य प्राविधिक सहयोग पनि केन्द्रले दिँदै आएको छ। तर केन्द्रको सो कामलाई व्यापकरूपमा अघि बढाउनु पर्ने देखिन्छ।

चिउरीको मह उत्पादनको सन्दर्भमा केही किसानले सीमित मात्रामा चिउरीको मह उत्पादन गर्दै आएका छन्। तीनै मध्ये केही व्यावसायीले आफ्नै पहलमा जापान, दुवईलगायतका मुलुकमा चिउरीको मह निर्यात गर्दै आएका छन्। तर त्यसको मात्रा भने कम छ।

चिउरी हुने ठाउँबाट मह संकलन गरेर चिउरीको मह उत्पादन गर्न सकिने सम्भावनामा केही चुनौती छन्। संकलित मह चिउरीकै हो वा होइन भन्ने प्रमाणीकरणको गर्ने प्रयोगशाला तथा तिनलाई चाहिने विज्ञ जुटाउने काममा सरकारी तवरबाट सहयोग हुनुपर्छ। त्यस्तै चिउरीको वनमा मौरी चरण गराउने, मह संकलन गर्ने कामको लागि एकीकृत रणनीति तथा कार्यक्रम पनि आवश्यक पर्छ।

नेपालमा पाइएका तीन प्रजातिका चिउरी तीन भिन्नै समयमा फूल्ने हुँदा चरणको समय पनि लामो हुन्छ। पहिलो प्रजाति जेठमा फूल लाग्छ, दोस्रो प्रजातिमा असारदेखि साउन मध्यसम्म फूल लाग्छ भने तेस्रो प्रजातिमा भदौमा। यसरी चिउरीको फूल्ने लामो चरण पनि नेपालको लागि अवसर हो। चिउरी फूल्ने सामुदायिक तथा राष्ट्रिय वनमा अन्तबाट चराउन ल्याउने मौरीलाई निषेध गर्ने स्थानीयहरूको सोचलाई परिवर्तन गर्नुपर्नेछ। यो काममा प्रदेश सरकार र संघीय सरकार मातहतका निकायले पहलकदमी लिनुपर्ने देखिन्छ। चिउरी हुने क्षेत्रलाई खण्ड-खण्डमा विभाजन गरेर क्षेत्रको क्षमता हेरीकन मौरी चरण गर्न दिनुपर्नेमा स्थानीय मौरीपालक किसानले आफ्ना मौरीलाई चरण पुग्दैन भनेर बाहिरका मौरीलाई निषेध गर्ने अभ्यास ठिक होइन। किनभने ठूलो क्षेत्रमा हुने चिउरीमा धेरै मौरीले चरण गर्न सक्छन्। सो बारे विज्ञहरूको ज्ञानलाई स्थानीयले आत्मसात् गर्न नसकेको अनुभव हुन्छ।

अर्कोतिर, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले २०७० सालमै मह निर्यातको लागि अवशेष अनुगमन योजनाको मस्यौदा तयार पारको थियो। केही युरोपेली मुलुकले नेपाली महमा चासो दिएपछि निर्यात सहजीकरण र व्यवस्थित गर्न सो मस्यौदा तयार पारिएको थियो। तर, संघीयता लागू भएर कार्यालयहरू केन्द्र, प्रदेश र स्थानीय निकायमा बाँडिएपछि सो मस्यौदा अलपत्र परेको छ। व्यक्तिगत प्रयासमा थोरै मात्रामा नेपाली मह विदेश निर्यात हुने गरेको थियो। तर, युरोपमा वस्तु निर्यात गर्दा अपनाउनु पर्ने मापदण्ड अनिवार्य भएपछि निर्यात ठप्प सरह भएको छ। चिउरीको ब्रान्ड बनाएर मह उत्पादन गर्ने हो भने यसको उत्पादन र बजारको अभाव नहुने पनि व्यावसायीहरूको भनाइ छ।

विश्व बजारमा बिक्नको लागि केही न केही विषेशता हुनैपर्ने अर्थशास्त्रीहरूको मत छ। नेपालमा हुने औषधीय गुण भएका वनस्पतीका उत्पादन निश्चय नै हाम्रा विषेशता हुन्। नेपालमा मात्र पाइने चिजवस्तुले अन्य त्यस्ता वस्तुसँग प्रतिस्पर्धा गर्नु नपर्ने भएपछि तीनको मूल्य पनि अधिक हुन्छ।

यदि गुणस्तरमा एकरूपता ल्याउने हो भने चिया, कफीजस्तै चिउरीको मह पनि नेपालको एउटा ब्रान्ड बन्न सक्छ। चिउरीको मह मात्र होइन, घ्यू तथा अन्य उत्पादन पनि गर्न सकिन्छ। त्यसको लगि चिउरीका विरुवा वितरणलाई पनि व्यापक बनाउनुपर्छ। चिउरीको घ्यू पकवान पकाउन प्रयोग गरिन्छ भने खुट्टा फुटेको ठाउँमा लगाउन, अनुहारको दाग हटाउन पनि प्रयोग गरिन्छ। साथै, चिउरीको घ्यू साबुन र मैनबत्ति बनाउन तथा चिउरीको पिना जैविक मल र किटनासकका रूपमा उपयोग हुन्छ। चिउरीको काठबाट विभिन्न सामान बनाउन सकिन्छ। यसको फल सिधै खाए पनि हुन्छ र यसबाट जुस, जाम बनाउने गरिन्छ।

# ग्रेटर इजरायलमाथि काम गर्दै सेना

एजेन्सी, भदौ ५

केही समयअघि केही अतिवादी इजरायलीहरूले 'ग्रेटर इजरायल'को नक्सा जारी गरेका थिए। सो नक्सालाई धेरैले इन्टरनेटमा गरिएको रमाइलोका रूपमा लिएको भए पनि अहिले इजरायलले वेस्ट ब्यांक र पूर्वी जेरुसेलमलाई अलग पार्ने उद्देश्यले एउटा परियोजना अघि बढाइएको छ। यो परियोजनालाई इजरायली सरकारले स्वीकृति जनाएपछि र त्यहाँ धमाधम यहूदीहरूको बस्ती बसाइन थालेपछि यसले विश्वव्यापी तरंग सिर्जना गरेको छ।



'ई-१' नाम दिइएको सो क्षेत्रको विकास योजनाले वेस्ट ब्यांकलाई भौगोलिकरूपमा दुई भागमा विभाजित गर्ने बताइएको छ। यसले भावी प्यालेस्टिनी राज्य निर्माणको सम्भावनामा गम्भीर अवरोध पुऱ्याउने विश्लेषकहरू बताउँछन्।

बुधबार इजरायली रक्षा मन्त्रालयले ई-१ क्षेत्रमा करिब ३४ सय घर निर्माण गर्ने प्रस्तावलाई स्वीकृति दिएको हो। यो योजना विगत दुई दशकदेखि अन्तर्राष्ट्रिय दबाब र विरोधका कारण थाँति राखिएको थियो। हाल सत्तामा रहेको दक्षिणपन्थी सरकारले भने यस योजनालाई तीव्र गतिमा अघि बढाइरहेको छ।

योजना सार्वजनिक गर्ने अर्थमन्त्री बेजालेल स्मोट्रिचले यो परियोजनाले 'प्यालेस्टिनी राज्यको अवधारणा समाप्त गर्ने' दाबी गरेका छन्। उनले प्यालेस्टिनी राज्यको सपना विफल हुनैपर्ने जिकिर गरेका छन्।

प्यालेस्टिनी प्रशासनले भने इजरायलको सो निर्णयलाई कडा आलोचना गरेको छ। उसले यो कदमलाई 'अवैधानिक' ठहर गर्दै यस कार्यले दुई राष्ट्र समाधानको सम्भावना ध्वस्त पार्ने चेतावनी दिएको छ। प्यालेस्टिनी नेताहरूले अन्तर्राष्ट्रिय समुदायलाई हस्तक्षेपका लागि पनि आह्वान गरेका छन्।

विश्वका कयौँ राष्ट्रहरू प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता दिने तयारीमा रहेकै बेला इजरायलले आफ्नो योजनालाई कार्यान्वयन गरिरहेको छ। प्यालेस्टिनी राज्यको मान्यतामाथि इजरायलले निन्दा गरेको छ।

इजरायलले सन् १९६७ को युद्धपछि कब्जा गरेको वेस्ट ब्यांक र पूर्वी जेरुसेलम क्षेत्रमा हालसम्म करिब १६० बस्तीहरू निर्माण गरिसकेको छ। ती क्षेत्रमा अनुमानित ७ लाख यहुदी बसोबास गरिरहेका छन्। तिनै क्षेत्रहरूलाई गाजा क्षेत्रसँग मिसाएर प्यालेस्टिनीहरूले भविष्यको राज्य उभ्याउने सपना देखिरहेका छन्। यहाँ करिब ३३ लाख प्यालेस्टिनीहरू हाल बसोबास गरिरहेका छन्।

अन्तर्राष्ट्रिय कानूनअनुसार हाल इजरायलले बसालिरहेका यी बस्तीहरू गैरकानूनी मानिन्छन्। गत वर्ष अन्तर्राष्ट्रिय न्यायालयले पनि बस्ती निर्माणविरुद्धको अघिल्ला धारणा सदर गर्दै यसलाई अवैध ठहर गरिसकेको छ।

सन् २०२२ को अन्त्यमा प्रधानमन्त्री बेन्जामिन नेतन्याहू नेतृत्वको दक्षिणपन्थी गठबन्धन सत्तामा फर्किएपछि बस्ती विस्तार झनै तीव्र भएको हो। ७ अक्टोबर २०२३ मा हमासले इजरायलमाथि हमला गरेपछि सुरु भएको गाजा युद्धपछिका महिनाहरूमा बस्ती निर्माणको अभियान झनै आक्रामक बनेको छ।

# रूसी कम्पनीलाई भारतमा लगानी गर्न जयशंकरको आग्रह

एजेन्सी, भदौ ५

भारतका विदेशमन्त्री एस. जयशंकरले रूसी कम्पनीहरूलाई भारतीय साझेदारहरूसँग अझ बलियो सम्बन्ध कस्न आग्रह गरेका छन्। अमेरिकाले भारतमाथि उच्च करको दबाब सिर्जना गरिरहेको सन्दर्भमा जयशंकरले भारत र रुसबीचको आर्थिक सहकार्यलाई बलियो बनाउन आह्वान गरेका हुन्।



उनले भारतको तीव्र आर्थिक वृद्धि, 'मेक इन इन्डिया'जस्ता पहल र पूर्वाधार विकासले विदेशी कम्पनीहरूका लागि नयाँ अवसरहरू सिर्जना गरिरहेको बताउँदै रूसी व्यवसायलाई लगानी, संयुक्त उद्यम तथा व्यापारमा संलग्न हुन आह्वान गरे।

जयशंकरले भने, 'भारतको कुल ग्राहस्थ्य उत्पादन (जिडिपी) ४० खर्ब डलर पुगेको छ र हामी वार्षिक ७ प्रतिशतको दरले वृद्धि गरिरहेका छौँ। यस्ता अवस्थामा भारतलाई मल, रसायन, मेसिनरीलगायत आवश्यक वस्तुको सुनिश्चित आपूर्ति अत्यावश्यक छ।'

उनले भारतको आधुनिकीकरण र शहरीकरणले उपभोग र जीवनशैलीमा परिवर्तन ल्याइरहेको उल्लेख गर्दै रूसी कम्पनीहरूका लागि ती क्षेत्रमा व्यवसाय विस्तारको सम्भावना औँल्याए। 'रूसी कम्पनीहरूका लागि भारतसँग सहकार्य अझ बलियो बनाउन यो उपयुक्त समय हो,' उनले भने।

भारत-रुसबीचको पुरानो मैत्रीपूर्ण सम्बन्ध स्मरण गराउँदै उनले त्यो सम्बन्ध आर्थिक क्षेत्रमा चाहिँ पर्याप्त गहिरिन नसकेको स्वीकार गरे। 'व्यापार संरचना अझै सीमित छ र व्यापार घाटा निरन्तर बढिरहेको छ। त्यसैले अब व्यापार विविधीकरण र सन्तुलन आवश्यक छ,' उनले भने।

विदेशमन्त्री जयशंकरले दुवै मुलुकबीच लगानी, संयुक्त उद्यम र सहकार्यका नयाँ मोडलबारे सोच्नुपर्ने समय आएको भन्दै भारत त्यसका लागि पूर्ण रूपमा तयार रहेको जानकारी दिए। उनले रूसी उपप्रधानमन्त्री मान्टुरोभसँगै साझा प्रयासमा संलग्न हुन भारत प्रतिबद्ध रहेको बताए।

भारत-युरेसियन आर्थिक संघबीचको स्वतन्त्र व्यापार सम्झौताको विषयमा पनि उनले जानकारी दिँदै त्यसले व्यापार विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

जयशंकरले जोड दिँदै भने, 'अब सबैभन्दा महत्त्वपूर्ण कुरा व्यवसायहरूले आत्मविश्वासका साथ अगाडि बढ्नु हो। सरकार र व्यवसायी बीचको सहकार्य अझ गहिरो र प्रभावकारी हुनुपर्छ।'

अमेरिकाले हाल भारतीय वस्तुहरूमा २५ प्रतिशत आयात कर लगाइसकेको छ भने आगामी अगस्ट २७ बाट थप २५ प्रतिशत कर लागु गर्ने तयारी गरेको छ। यस्तो दबाबको पृष्ठभूमिमा भारतले रुससँगको व्यापार अझ सुदृढ बनाउन सक्रिय पहल थालेको हो।

# रुसी सरकारबाट मोटरसाइकल उपहार

एजेन्सी, भदौ ५

पछिल्लो हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच अलास्काको एंकरेजमा भएको उच्चस्तरीय शिखर बैठकको सबैभन्दा ठूलो 'विजेता' सम्भवतः एक साधारण अमेरिकी नागरिक बनेका छन्। एंकरेज नगरका एक अवकाशप्राप्त दमकल निरीक्षक मार्क वारनले उक्त शिखर बैठकपछि रुसी सरकारबाट नयाँ मोटरसाइकल उपहारमा पाए।



वारनलाई रुसी प्रतिनिधिमण्डलले उरल गियर अप नामक साइड कारसहितको मोटरसाइकल उपहारस्वरूप दिएको हो। यो मोटरसाइकल कम्पनी सन् १९४१ मा साइबेरियामा स्थापना भएको थियो र हाल कजाखस्तानको पेट्रोपावलोभ्स्कमा उत्पादन गरिन्छ। अमेरिकामा यसको वितरण वासिङ्टन राज्यको वुडिनभिलस्थित एक टोलीमार्फत गरिन्छ।

मार्क वारनसँग पहिले पनि यस्तै एउटा युराल मोटरसाइकल थियो। उनले छिमेकीसँग किनेका थिए। शिखर बैठकको एक हप्ता अघि उनी त्यो मोटरसाइकलमा सामान किन्न निस्किएका थिए। त्यही बेला एक रुसी टेलिभिजन टोलीले उनलाई देखेर अन्तर्वार्ताका लागि आग्रह गरेको थियो।

वारनले अन्तर्वार्तामा युराल मोटरसाइकलका पार्टपुर्जाहरू पाउन निकै गाह्रो भइरहेको बताएका थिए। उनले भने, 'त्यो भिडियो भाइरल भयो, एकाएक फैलियो, मलाई त थाहा पनि छैन किन भयो! म त एकदमै सामान्य मान्छे हूँ।'

अन्तर्वार्ता भाइरल भएपछिको एक हप्ताभित्र, शिखर बैठक हुनु दुई दिनअघि (अगस्ट १३ मा) रुसी पत्रकारले उनलाई फोन गरेर भने, 'उहाँहरूले तपाईंलाई मोटरसाइकल दिने निर्णय गर्नुभएको छ।'

वारनलाई सुरुमा त पत्यार नै लागेन। ट्रम्प र पुटिनले एंकरेजस्थित ज्वाइन्ट बेस एल्मेन्डोर्फ-रिचर्डसनबाट शिखर बैठक सकेर प्रस्थान गरेपछि, उनलाई अर्को फोन आयो र मोटरसाइकल लिन बोलाइयो।

भोलिपल्ट उनले पत्नीको साथमा एंकरेजस्थित एक होटल पुगे। त्यहाँ पुग्दा उनले छ जना रुसी नागरिकजस्ता देखिने व्यक्तिहरूका बीचमा २२ हजार डलर मूल्य बराबरको हरियो उरल गियर अप मोटरसाइकल देखे। उनले भने, 'म त दंग परेँ। मैले उनीहरूलाई भनेँ- 'तपाईंहरू कतै मजाक त गर्दै हुनुहुन्न नि!'

वारनका अनुसार रुसीहरूलाई यसको बदलामा केवल उनको फोटो खिच्न र अन्तर्वार्ता लिन मन थियो। 'यदि उनीहरूलाई मबाट केही अरु नै चाहिएको हो भने, शायद उनीहरू निराश हुनेछन्,' उनले मजाक गर्दै भने।

त्यसपछि दुई पत्रकार र कन्सुलको एकजना प्रतिनिधि मोटरसाइकलमा चढे। वारनले पार्किङ लटवरिपरि मोटरसाइकल चलाए, जसलाई क्यामेरा चालकले दौडिएर खिचे।

उपहार पाउँदा खुशी त भए तर, वारन केही चिन्तित पनि थिए। उनले भने, 'म चाहन्नँ कि मलाई रुसी मोटरसाइकल लिएको भनेर मान्छेहरूले घृणा गरून्। म मेरो परिवारको लागि त्यस्तो अवस्था चाहन्नँ।'

# कता हरायो मस्कको पार्टी ?

एजेन्सी, भदौ ५

विश्वका सबैभन्दा धनी व्यक्ति एलन मस्कले आफ्नै राजनीतिक पार्टी गठन गर्ने योजना तत्कालका लागि स्थगित गर्ने संकेत दिएका छन्। अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलका अनुसार मस्कले आफ्ना सहयोगीहरूलाई अबका दिनमा आफ्ना व्यवसायहरूमा ध्यान केन्द्रित गर्न चाहेको बताएका छन्।

मस्कले भने उक्त रिपोर्टको खण्डन गरेका छन्। सामाजिक सञ्जाल एक्समा प्रतिक्रिया दिँदै उनले लेखेका छन्, 'वाल स्ट्रिट जर्नलले लेखेको कुनै पनि कुरालाई कहिल्यै सत्य नठान्नुस्।'

**'अमेरिका पार्टी'को योजना स्थगित:** गएको जुलाईमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँग कर कटौती र खर्चसम्बन्धी विधेयकमा सार्वजनिक विवाद भएपछि मस्कले 'अमेरिका पार्टी' बनाउने घोषणा गरेका थिए। अहिले भने उनी पार्टी बनाउने योजनाबाट पछि हट्दै राष्ट्रपति ट्रम्पका उपराष्ट्रपति उम्मेदवार जेडी भान्ससँगको सम्बन्धलाई प्राथमिकता दिने सोच बनाएका छन्।

पत्रिकाका अनुसार, मस्कले नयाँ पार्टी गठन गर्दा भान्ससँगको सम्बन्ध कमजोर हुन सक्ने आकलन गरेका छन्। त्यसैले उनले आफ्ना केही योजनाहरूलाई स्थगन गरेका हुन्।

**भविष्यमा भान्सलाई समर्थन गर्ने सम्भावना:** सन् २०२८ मा हालका उपराष्ट्रपति जेडी भान्सले राष्ट्रपतिका लागि उम्मेदवारी दिए भने मस्कले उनलाई आर्थिक सहयोग गर्ने सम्भावना रहेको मस्क र उनका निकट सहयोगीहरूले भान्स निकटका व्यक्तिहरू बताएको जर्नलले जनाएको छ।

टेस्ला र स्पेसएक्सका प्रमुख कार्यकारी मस्कले सन् २०२४ को चुनावमा राष्ट्रपति ट्रम्पसहित रिपब्लिकन उम्मेदवारहरूलाई जिताउन झन्डै ३० करोड अमेरिकी डलर खर्च गरेका थिए। ट्रम्प प्रशासनको सुरुवाती चरणमा उनी डिपार्टमेन्ट अफ गभर्नेन्स (डीओजी) मा प्रभावशाली भूमिकामा थिए।

भान्सले हालै मस्कलाई रिपब्लिकन पक्षमा सक्रिय हुन आग्रह गरेका थिए। तर मस्कको राजनीतिक सक्रियताले टेस्लाजस्ता कम्पनीहरूमा असर पार्न थालेको देखिएपछि लगानीकर्ताहरूमाझ चिन्ता बढेको थियो।

यसबीच मस्कको ध्यान आफ्ना कम्पनीहरूमा कम भएको भन्दै सर्वसाधारण शेयरधनीहरूले चासो व्यक्त गरिरहँदा टेस्लाको शेयर यस वर्ष १८ प्रतिशतभन्दा बढीले घटेको छ। गत जुलाईमा कम्पनीले दशककै कमजोर त्रैमासिक बिक्री गरेको थियो। नाफा पनि वाल स्ट्रिटको अनुमानभन्दा कम थियो।

# न्यायलाई न्याय दिने न्यायाधीशको निधन

एजेन्सी, भदौ ५

अदालतमा आफ्नो सहानुभूति र विनम्र व्यवहारका कारण इन्टरनेटमा चर्चित अमेरिकी न्यायाधीश फ्रान्क क्याप्रियोको ८८ वर्षको उमेरमा निधन भएको छ।



सेवानिवृत्त रोड आइल्यान्ड न्यायाधीश क्याप्रियोले सन् २०२३ मा अवकास लिनुअघि करिब चार दशकसम्म बेन्चमा सेवा गरेका थिए। साना कानूनी उल्लंघनहरूमा उनको सहानुभूतिपूर्ण 'न्यायिक दृष्टिकोण'ले उनलाई विशेष बनाएको थियो।

उनको मृत्यु भएको खबर उनको परिवारले सामाजिक सञ्जालमार्फत दिएको हो। 'प्यानक्रिएटिक क्यान्सरसँग लामो र साहसी संघर्षपछि परिवार र साथीहरूको घेरामा मेरा पिता न्यायाधीश फ्रान्क क्याप्रियोको निधन भएको समाचार बताउनु पर्दा म दुःखी छु,' उनका छोरा डेभिड क्याप्रियोले न्यायाधीशको इन्स्टाग्राम खातामा पोस्ट गरिएको भिडियोमा भने।

उनको परिवारले जारी गरेको विज्ञप्तिमा क्याप्रियो 'धेरै करुणा, नम्रता र मानवतामा अटुट विश्वासका कारण संसारभर लोकप्रिय बने' र 'मानवताको उत्कृष्ट उदाहरण' भएको उल्लेख छ। मंगलबार, अस्पतालको शैय्याबाट स्वास्थ्यमा 'गम्भीर समस्या' आएको भन्दै उनले प्रार्थना माग्दै भिडियो पनि पोस्ट गरेका थिए।

सन् २००० मा सुरु भएको उनको कोर्टरुम रियालिटी टिभी कार्यक्रम 'क्याच इन प्रोभिडेन्स' मा ट्राफिक उल्लंघन र पार्किङ टिकटको समस्यामा परेका व्यक्तिप्रति उनले देखाएको दयालु व्यवहारलाई देखाइएको थियो।

सो कार्यक्रमका क्लिपहरू सामाजिक सञ्जालमा भाइरल भइरहेका थिए। त्यहाँ प्रायः उनले दुःखी र पीडित परिवारहरूको जरिवाना खारेज गरेको वा बालबालिकाहरूलाई आफ्ना आमाबाबुको सजाय निर्णयमा सहभागी गराएको देखिन्थ्यो। सामाजिक सञ्जालमा उनका लाखौँ फलोअर्स थिए। ती समर्थकहरूले उनलाई 'संसारकै राम्रो न्यायाधीश' भनेर सम्बोधन गर्थे।

क्याप्रियोले 'कम्प्यासन इन द कोर्टः लाइफ-चेन्जिङ स्टोरिज फ्रम अमेरिकाज् नाइसेस्ट जज' शीर्षकमा आत्मकथा पनि प्रकाशित गरेका थिए।

सन् १९३६ मा जन्मिएका क्याप्रियो प्रोभिडेन्स, रोड आइल्यान्डमा हुर्किएका थिए। आफ्नो प्रारम्भिक जीवनमा उनले जुत्ता पालिस गर्ने र पत्रिका वितरण गर्ने जस्ता काम गरे। बोस्टनको सफोक युनिभर्सिटी स्कूल अफ लमा अध्ययन गर्दा उनी दिउँसो स्कूलमा पढाउँथे। उनले सन् १९८५ देखि २०२३ सम्म प्रोभिडेन्स सिटी अदालतको मुख्य न्यायाधीशका रूपमा सेवा गरेका थिए।

रोड आइल्यान्डका गभर्नर डान म्याकीले क्याप्रियोलाई 'न्यायविद् मात्र नभई सहानुभूतिका प्रतीक' भन्दै प्रशंसा गरे। उनले भने, 'उनले हामीलाई जब न्याय मानवतासँग मिसिन्छ, तब असाधारण सम्भावनाहरू खुल्छन् भनेर देखाए।'

## अध्ययन

# भेपिङले चुरोट सेवनको जोखिम

एजेन्सी, भदौ ५

किशोर-किशोरीहरूमा विद्युतीय चुरोट (भेपिङ)को प्रयोगले भविष्यमा चुरोट सेवन गर्ने सम्भावना उल्लेख्य बढाउने एउटा अध्ययनले देखाएको छ। मानसिक स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पार्ने प्रमाणहरू फेला परेको र यसले डिप्रेशन र आत्महत्याका घटनाहरू पनि बढाएको अध्ययनको निष्कर्ष छ।



अनुसन्धानकर्ताहरूले ५६ वटा समीक्षात्मक अध्ययनहरूको विश्लेषण गरेपछि यो निष्कर्ष निकालेका हुन्। अध्ययनमा कुल तीन सय ८४ वटा अनुसन्धानहरू समेटिएका छन्। तीमध्ये किशोरहरूमा ई-सिगरेट प्रयोग र त्यसपछि चुरोट सेवनबीचको सम्बन्धबारे २३ वटा अध्ययनलाई विश्लेषण गरिएको थियो।

यस विषयमा केन्द्रित यो अहिलेसम्मकै ठूलो अध्ययन हो। यसले भेपिङका कारण उत्पन्न हुने स्वास्थ्यका अन्य जोखिमहरू पनि देखाएको छ। तीमध्ये श्वासप्रश्वाससम्बन्धी रोगहरू (जस्तै दम र दमको समस्या झन् चर्किनु), लागूऔषध सेवन (जस्तै मदिरा र गाँजा प्रयोग)लगायत छन्।

अध्ययन अनुसार भेपिङले न्यूमोनिया, ब्रोंकाइटिस, टाउको दुखाइ, माइग्रेन, चक्कर लाग्ने समस्या तथा पुरुषहरूको शुक्राणुको संख्यामा समेत कमी आउने सम्भावना अध्ययनले औंल्याएको छ। मानसिक स्वास्थ्यका दृष्टिले पनि भेप प्रयोगकर्ता किशोरकिशोरीमा डिप्रेशन र आत्महत्याका विचार देखिनु चिन्ताजनक रहेको अध्येताले बताएका छन्।

यो अध्ययन 'टोबाको कन्ट्रोल' नामक वैज्ञानिक पत्रिकामा प्रकाशित छ। पत्रिकाका अनुसार किशोरावस्थामा ई-सिगरेट (भेप) प्रयोगले भविष्यमा उनीहरूलाई चुरोट सेवनतर्फ आकर्षित गर्ने धेरै अध्ययनहरूमा दोहोरिएको छ।

अनुसन्धानमा संलग्न युनिभर्सिटी अफ योर्कका वैज्ञानिक डा. सु गोल्डर भन्छन्, 'ई-सिगरेट प्रयोग गर्ने किशोरकिशोरीहरूले भविष्यमा चुरोट सेवन गर्ने सम्भावना धेरै देखिएको छ। त्यसले उनीहरूलाई भेपिङको जोखिमबाट जोगाउन सार्वजनिक स्वास्थ्य नीतिहरू कडा बनाउन आवश्यक छ।'

लण्डन स्कूल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनका क्लिनिकल सह-प्राध्यापक डा. ग्रेग हार्टवेलले यस अध्ययनले 'तम्बाकू उद्योगमा थप कडाइ किन जरुरी छ भन्ने स्पष्ट देखाएको' बताएका छन्।

यो अध्ययन बेलायतमा हालै एकपटक मात्र प्रयोग गर्न मिल्ने डिस्पोजेबल भेपलाई प्रतिबन्ध लगाइएपछि सार्वजनिक भएको हो। भेपमा निकोटिन होस् या नहोस् अब इंग्ल्याण्ड, स्कटल्याण्ड, वेल्स र नर्थ आयरल्याण्डमा यस्ता भेप न पसलबाट न त अनलाइनमार्फत किनबेच गर्न पाइन्छ।

यो निर्णयले बालबालिका र किशोरहरूमा भेपिङको बढ्दो प्रयोग रोक्ने अपेक्षा गरिएको छ। युकेको राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस)ले अघिल्लो वर्ष सार्वजनिक गरेको तथ्यांकअनुसार ११ देखि १५ वर्ष उमेर समूहका करिब एक चौथाइ बालबालिकाले भेप प्रयोग गरिसकेका थिए। झन्डै १० प्रतिशत नियमित प्रयोगकर्ता थिए। यद्यपि, पुनः प्रयोग गर्न मिल्ने भेपहरू भने अझै कानूनीरूपमा बिक्री गर्न पाइन्छ।

उता भेप बिक्री गर्ने खुद्रा कम्पनी 'भीपीजेड' का कार्यकारी निर्देशक जेमी स्ट्राचान भन्छन्, 'भेपिङ बालबालिकाको पहुँचभन्दा टाढै हुनुपर्छ। किशोरकिशोरीहरूलाई पनि यसप्रति उत्साहित गर्नु हुँदैन भन्ने कुरामा हामी जोडदार समर्थन गर्छौं। यो कडा नियमप्रति हामी समर्थन गर्छौं।'

ब्रिटिश अमेरिकन टोबाको (बीएटी) का वैज्ञानिक तथा अनुसन्धान निर्देशक डा. जेम्स मर्फीले भने फरक मत राखेका छन्। उनी भन्छन्, 'भेपिङले चुरोट सेवनतर्फ क्रमशः आकर्षित गर्छ भन्ने प्रमाण निकै कम छ। वयस्कहरूलाई सुरक्षित विकल्प उपलब्ध गराउने 'स्मार्ट रेगुलेसन'को आवश्यकता छ। त्यसबाट कम उमेरमा प्रयोग रोक्ने र गुणस्तर सुनिश्चित गर्ने काममा सघाउ पुऱ्याउँछ।'

## प्रभु इन्स्योरेन्स लिमिटेड तीनकुने काठमाण्डौको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/०६)

यस कम्पनीको स्वामित्वमा रहेका तपशिल बमोजिमका सवारी साधनहरु तथा फलाम, स्टील र काठ जन्य सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलवन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा इच्छुक व्यक्ति वा संस्थाहरुबाट तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ।

| S.NO | Type | Description | Vehicle No | Vehicle stored at |
|---|---|---|---|---|
| 1 | CAR | Lifan Car | Baa 6 cha 5852 | Head Office, Tinkune |
| 2 | MOTORCYCLE | Hero Honda Splendor | Baa 18 pa 4416 | Head Office, Tinkune |
| 3 | MOTORCYCLE | Hero Honda Splendor | Bhe 1 pa 5489 | Head Office, Tinkune |
| 4 | MOTORCYCLE | Hero Honda Splendor | Baa 7 pa 6099 | Head Office, Tinkune |
| 5 | MOTORCYCLE | Hero Honda Passion | Ga 2 Pa 9437 | Head Office, Tinkune |
| 6 | MOTORCYCLE | Honda Shine | Ba 38 Pa 5025 | Hetauda Branch |
| 7 | MOTORCYCLE | Hero Honda Splendor | Na 5 Pa 8885 | Janakpur Branch |

१. बोलपत्र बुझाउने अन्तिम मिति: २०८२/०५/२० गते ५.०० बजे भित्र।
२. बोलपत्र खोल्ने मिति: २०८२/०५/२२ गते ३.०० बजे भित्र।
३. बोलपमा रु. १०० /- (अक्षरुपी एक सय मात्र) फिर्ता नहुने गरी यस कम्पनीको नविल बैंकको खाता नं. १७०१०१७५०००५९ मा रकम जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ।
४. बोलपत्रमा क्रम संख्या नम्बर अनुसारको आफुले लिन चाहेको सवारी साधनको नं. उल्लेख गरी गाडि र मोटरसाईकलको मुल्य खोली उक्त रकमको १०% (दश प्रतिशत धरौटी बुझाएको रकम समेत राखी खाम बन्दि गरी खामको बाहिर सूचना नं. बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. समेत स्पस्ट खुलाइ सिलछाप गरी कम्पनीमा दर्ता गरी पेश गर्न सकिनेछ।
५. कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन साथै बोलपत्रमा अंक र अक्षर स्पष्ट सँग उल्लेख गर्नु पर्नेछ. सच्याइएको वा केरमेट गरिएमा बोलपत्रदाताको दस्तखत हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा उक्त बोलपत्र रद्द हुनेछ।
६. दर्ता भएको बोलपत्रहरु १५ औ दिनमा ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कम्पनीको केन्द्रिय कार्यालयमा खोलिनेछ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सोही समयमा खोलिनेछ।
७. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनीमा निहीत रहने छ।
८. बोलपत्र स्विकृत भएको १५ दिन भित्र आफुले कबुल गरेको मूल्य तथा सो मा प्रचलित नियमानुसार लाग्ने मु.अ. कर १३% समेत बुझाइ सवारी साधन उठाइ लैजानु पर्नेछ। उक्त १५ दिनभित्र सवारी साधनहरु उठाइ नलगेमा धरौटी जफत गरी क्रमस: दोश्रो, तेश्रो बढी वालाको कबोल अंक स्विकृत गरिनेछ।
९. स्वीकृत दरभाउपत्र अनुसार खरिदको लागि नामसारी गर्दा लाग्ने नामसारी दस्तुर, कर एवं बीमा खर्चको जिम्मेवारी समेत खरिदकर्ताको रहनेछ र स्वीकृतपत्र अनुसार कबोल गरेको रकम १५ (पन्ध्र) दिन भित्र जम्मा गरी सवारी साधन नामसारी गरीलिई सक्नुपर्नेछ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को व्यवस्था बमोजिम सवारी साधन खरिद गरी नामसारी गरीलिने जिम्मेवारी खरिदकर्ताको हुनेछ।
१०. इच्छुक व्यक्तिले सवारी साधन हेर्न चाहेमा हरेक हप्ताको सोमबार र बुधवार दिनको २.०० बजेदेखि ५.०० बजेसम्म हेर्न सकिने छ।

prabhu INSURANCE protecting your future.
प्रभु इन्स्योरेन्स लिमिटेड

# दशक बित्यो, अधुरै छ महाकालीमा चार लेनको पुल

## ४ अर्ब खर्च भए पनि पुल अधुरो, भेरियसन स्वीकृत नभएकै कारण काम ठप्प

**सुरेश भट्ट**
**कञ्चनपुर, भदौ ५**

महाकाली नदीमा दशकअघि सुरु गरिएको ४ लेनको पुल निर्माण अझै अलपत्र छ। भारतसँग जोडिने व्यापारिक र सामरिक दृष्टिले समेत महत्त्वपूर्ण मानिएको पुलको निर्माण कार्य पूरा नहुँदा स्थानीय बासिन्दा आवतजावत र विकासका सुविधाबाट वञ्चित भइरहेका छन्।

महाकाली पारिको दोधारा चाँदनी नगरपालिकालाई सडक सञ्जालसँग जोड्ने उद्देश्यले पुल निर्माण कार्य सुरु गरिएको हो। तर, काम सुरु भएको दशक बितिसक्दा पनि अहिलेसम्म पुल निर्माण सम्पन्न भएको छैन। निर्माण कार्यमा अहिलेसम्म करिब ४ अर्ब रुपैयाँ खर्च भइसकेको छ। तर, पछिल्ला दुई वर्षदेखि पुलसँग जोडिएका पोखरीको गाइडबन्डसम्बन्धी भेरिएसन स्वीकृत नहुँदा सबै काम रोकिएको हो।

निर्माण कम्पनीलाई सरकारले समयमा डिजाइन स्वीकृति नदिँदा पुल अधुरै भएको देखिएको छ। कम्पनीले समेत ठेक्का तोड्ने तयारी गरेको छ। भेरियसनको समस्या समाधान नभएकै कारण पुलसँगै बन्नुपर्ने संरचना पनि निर्माण हुन सकेका छैनन्।



### बाढीले हरेक वर्ष क्षति

महाकाली नदीमा बर्सेनि आउने बाढीले पुलको दायाँबायाँ निर्माण हुनुपर्ने गाइडबन्डमा ठूलो क्षति पुऱ्याउँदै आएको छ। भीमदत्त र दोधारा चाँदनी नगरपालिकाका बासिन्दाले त्यसको प्रत्यक्ष असर बेहोर्नुपरेको परेको छ। लामो समयदेखि पुल निर्माण ठप्प रहँदा स्थानीयमा असन्तोष बढ्दै गएको छ।

स्थानीय जयप्रकाश भट्ट भन्छन्, 'तीन वर्षमै सम्पन्न हुनुपर्ने पुल अझै अधुरै छ, यसले देखाउँछ कि सूदूरपश्चिम संघीय सरकारको प्राथमिकतामा छैन।' उनका अनुसार २०८४ सालको निर्वाचन नजिकिँदै गर्दा दलहरूले यो पुललाई चुनावी एजेण्डा बनाएर जस लिने होडबाजी गर्ने तर काम सम्पन्न नगर्ने अवस्था आउने हो कि भन्ने चिन्ता बढेको छ।

### प्रधानमन्त्रीदेखि मन्त्रीसम्म पुगे पनि काम अघि बढेन

पुलको अवस्थाको अवलोकन गर्न प्रधानमन्त्रीदेखि विभिन्न मन्त्रीहरू पुगिसकेका छन्। पटक पटक प्रधानमन्त्री हुँदा केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलगायत उच्च पदाधिकारीले पुल स्थलगत निरीक्षण गरिसकेका छन्।

गत माघ पहिलो साता गृहमन्त्री लेखक र भौतिक पूर्वाधार मन्त्री दाहाल प्राविधिक टोलीसहित पुलमा पुगेका थिए। दाहालले काठमाडौं फर्केर तत्कालै भेरियसन स्वीकृत गर्ने आश्वासन दिएका थिए तर अझै प्रक्रिया अघि बढ्न सकेको छैन।

### ९५ प्रतिशत संरचना बने पनि बाढीले क्षति

आयोजनाका इन्जिनियर रवि साहका अनुसार पुलको संरचना ९५ प्रतिशत सम्पन्न भइसकेको छ। तर, २०८१ भदौ २६ देखि ३० गतेसम्म आएको ठूलो बाढीले पुलको २६२ मिटर हिस्सा बगाएको थियो। मन्त्रिपरिषद्बाट फाइल फिर्ता आएको कारण काम रोकिएको बेला आएको बाढीले थप क्षति पुऱ्याएको उनले बताए।

त्यसपछि मन्त्रिपरिषद्ले उक्त क्षेत्रलाई संकटकालीन क्षेत्र घोषणा गरेर नेपाली सेनामार्फत अस्थायी संरक्षण कार्य गरिएको थियो। नदीमा थुप्रिएका पदार्थ व्यवस्थापन र तारजाली प्रयोग गरेर पुल तथा वरपरको बस्ती सुरक्षित गर्ने काम सेनाले गरेको छ। तर, यो दीर्घकालीन समाधान नभएको इन्जिनियर साहको भनाइ छ।

### डिजाइन र भेरियसनमा विवाद

पुलसँगै गाइडबन्ड निर्माणको डिजाइन सुरुवातमा ठूलो ढुंगाले गर्ने योजना थियो। तर, ढुंगा उपलब्ध नहुँदा तारजालीमा ढुंगा भरेर कंक्रिटको संरचना बनाउने नयाँ डिजाइन ल्याइएको थियो। डिजाइन स्वीकृत भए पनि भेरियसन प्रक्रिया पूरा नहुँदा निर्माण हुन सकेन।

भट्टका अनुसार पुलको जस लिन एमाले, कांग्रेसलगायत दलबीच दोहोरी चले पनि काम सम्पन्न गर्न कसैको वास्तविक चासो देखिएको छैन।

### लागत बढ्दै, काम झन् टाढिँदै

२०७४ सालमा सुरु गरिएको ४ लेनको पुलसँगै करिब ८ किलोमिटर ६ लेनको सडक निर्माणको काम कुमार श्रेष्ठ सीएफइसी जेभीले पाएको थियो। तीन वर्षभित्र सम्पन्न गर्ने गरी २ अर्ब २७ करोडको ठेक्का सम्झौता भए पनि कोरोना महामारी, बजेट अभाव र प्राविधिक कारण देखाउँदै काम धकेलिँदै आयो। हालसम्म लागत बढेर ३ अर्ब ७७ करोड पुगेको छ।

निर्माण पूरा भएमा भारतसँग व्यापारिक आवतजावत सहज हुने र स्थानीयलाई यात्रा सुविधा हुने अपेक्षा गरिएको छ। तर, सरकारको बेवास्ता र प्रशासनिक ढिलाइले आयोजना अझै अधुरै छ।

### स्थानीयको माग – अब ढिलाइ नगरी सम्पन्न गर

स्थानीय नरेन्द्र शाह भन्छन्, 'अहिले पुलको बाँकी काम रोकिएको छ। बनेको पुल पनि छोटो छ र दायाँबायाँका संरचना बनेका छैनन्। बर्खामा बाढी आउँदा पुलमा थप क्षति पुग्ने डर छ, त्यसैले तत्काल समस्या समाधान गरेर निर्माण सम्पन्न गर्नुपर्छ।'

उच्च पदमा यसै क्षेत्रका नेताहरू भए पनि पुलमा चासो नदिएको स्थानीयको गुनासो छ। संघीय सरकारले समयमै पहल नगरे यस क्षेत्रको विकास दशकौं पछि धकेलिने उनीहरूले बताएका छन्।

# नबिल बैंकले पायो सस्टेनेबल फाइनान्स अवार्ड

काठमाडौं। नेपालका अग्रणी वाणिज्य बैंकमध्येको नबिल बैंक लिमिटेड 'युरो मनी अवार्ड फर एक्सिलेन्स २०२५ : बेस्ट बैंक फर सस्टेनेबल फाइनान्स' अवार्डबाट सम्मानित भएको छ। युरो मनी म्यागजिनद्वारा स्थापित उक्त अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड हो।

नबिलले वार्षिकरूपमा गरेका दिगो बैंकिङका विभिन्न कार्यक्रमको उच्च मूल्यांकन गर्दै उक्त अवार्ड प्रदान गरिएको हो। ग्राहकलाई उपलब्ध गराउँदै आएको बैंकिङ सेवा, प्रविधिको प्रयोग, दिगोपनाका क्षेत्रमा गरेको पहललगायतका आधारमा उक्त अवार्ड प्रदान गरिएको बैंकले जनाएको छ। यो अवार्डलाई बैंकिङ क्षेत्रको मापदण्ड र अन्तर्राष्ट्रिय मान्यता र विश्वसनीयताको आधारका रुपमा पनि लिइन्छ।

नबिल बैंकले विगत पाँच वर्षदेखि नेपालको दिगो विकास लक्ष्य (एसडीजी)लाई आत्मसात गर्दै आफ्नो कारोबारमा वातावरणीय, समाजिक र सुशासन सम्बन्धित सिद्धान्त अंगीकार गर्दै आएको छ।

नबिलले आफ्नो रणनीतिमा दिगोपनलाई एक मुख्य आधार बनाई वातावरण संरक्षण, सामाजिक समावेशीकरण, मानव अधिकारको संरक्षण तथा नैतिक सुशासनको अभ्यासमा केन्द्रित गर्दै कार्बन फुटप्रिन्ट घटाउने, उत्तरदायी बैंकिङलाई प्रवर्धन गर्ने र वित्तीय साक्षरता विस्तार गर्ने कार्यक्रम पनि गर्दै आएको छ। बैंकका यिनै कार्यसम्पादनको उच्च मूल्यांकन गर्दै अवार्डद्वारा सम्मान गरिएको हो।

युरोमनी म्यागजिनले बैंकिङ क्षेत्रका गतिविधि अध्ययन विश्लेषणका आधारमा बैंकहरूको हौसला बढाउने गरेको छ। नबिल यसअघि पनि सन् २०१०, सन् २०२०, सन् २०२१, सन् २०२२ र सन् २०२४ मा विभिन्न विधामा यूरोमनी अवार्ड फर एक्सिलेन्स अवार्डबाट सम्मानित भइसकेको छ। नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीलाई देशभरिको २६८ शाखा र ३२१ एटीएममार्फत सेवा प्रदान गर्दै आएको छ। चार दशकदेखि नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नबिलले अघि सारेका योजना नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुंगाका रूपमा छ।

# मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन हस्तान्तरण तयारी

काठमाडौं। निर्माण पुरा भएर सञ्चालनमा रहेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन नेपाल आयल निगमलाई हस्तान्तरण गर्ने तयारी अन्तिम चरणमा छ। इन्डियन आयल कर्पोरेशनले काम सकेर निगमलाई हस्तान्तरण गर्न लागेको हो।

भारत सरकारको सहयोगमा निर्माण पेट्रोलियम पाइपलाइन निगमको जिम्मामा आउन लागेको निगमको मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले बताए। उनका अनुसार हस्तान्तरण प्रक्रियाका लागि कर्पोरेशनको प्राविधिक टोली अहिले फिल्डमा छ।

'निर्माण पुरा भएदेखि नै पाइपलाइनबाट नियमित रुपमा पेट्रोलियम पदार्थ आयात भइरहेको छ,' उनले भने, 'त्यसबाट आउने पेट्रोलियम पदार्थ परीक्षणको काम पनि भइरहेको छ।'

पाइप लाइन हस्तान्तरण गर्नुअघिको परीक्षणको कामसमेत सकिएकाले छिट्टै निगमको पूर्ण स्वामित्वमा आउने उनले बताए। दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइपलाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको पनि उनको भनाइ छ।

यस्तै, बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तारको काम सुरु हुँदैछ। अमलेखगञ्जबाट लोथरसम्म ६९ किलोमिटर पेट्रोलियम पाइप लाइन निर्माण हुने भएको हो।

यो पेट्रोलियम पाइपलाइनको काम अगाडि बढाउन उच्चस्तरीय प्राविधिक टोलीबाट डीपीआर निर्माणको काम अन्तिम चरणमा पुगेको आचार्यले जानकारी दिए। निगमले पाइपलाइनको काम अघि बढाउन चितवनमा कार्यालय स्थापना गरिसकेको छ। केही दिनभित्रै माटो सम्याउन सुरु गरिने निगमले जनाएको छ। यो पाइप लाइनको काम ३ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ। नेपाल-भारतबीच 'जीटुजी' सम्झौतामार्फत यसको निर्माण हुन लागेको हो।

# लक्ष्मी ग्रुप 'लक्सपेरियन्स' प्रदर्शनी गर्दै

काठमाडौं। नेपाली बजारमा विभिन्न ब्राण्डका सवारी बिक्री गर्दै आएको अग्रणी व्यापारिक संस्था लक्ष्मी ग्रुपले बहुप्रतिक्षित ब्राण्डहरूको प्रदर्शनी 'लक्सपेरियन्स २०२५' आयोजना गर्ने भएको छ। भदौ ७ र ८ गते प्रदर्शनी गरिने ग्रुपले जनाएको छ।

गाडीको प्रदर्शनी र बिक्रीमा केन्द्रित प्रदर्शनीमा अवलोकनकर्ताले हेर्न र बुकिङ गर्न सक्नेछन्। आगामी शनिबार र आइतबार बिहान ११ देखि साँझ ६ बजेसम्म प्रदर्शनी काठमाडौंको गैह्रीधारास्थित सिल्भर ओकमा हुनेछ। प्रदर्शनीलाई गाडीका हुन्डाई, बीएमडब्ल्यु, कायी र फोर्थिङ जस्ता ब्रान्डहरूले विशेष बनाउने जनाइएको छ। नेपालकै अटो इभेन्टमा पहिलोपटक बीएमडब्ल्युको सहभागिता रहने भएकाले यो प्रदर्शनी कारप्रेमीहरूका लागि अझै रोमाञ्चक बन्ने आयोजकको भनाइ छ। नेपाली बजारमा भित्रिएको महँगो सवारी ब्राण्ड बीएमडब्ल्यु हालसम्म सार्वजनिक प्रदर्शनीमा सहभागी भइसकेको थिएन।



प्रदर्शनीमा आफ्नो गाडी मूल्यांकन गराएर नयाँ खरिद गर्न चाहनेका लागि विशेष व्यवस्था हुने ग्रुपले जनाएको छ। ग्राहकका लागि विशेष अफर र छुट, तत्काल कार मूल्यांकन, लोयल्टी बोनसका साथै सुविधाजनक फाइनान्स र इन्स्योरेन्स सेवाहरू पनि उपलब्ध गराइने छ। प्रदर्शनीले नयाँ कार खरिद गर्न वा पुरानो साट्न इच्छुकहरूका लागि विशेष अवसर दिनेछ।

कार मात्र नभइ आगन्तुकहरूले नयाँ मोडल र प्रविधि अनुभव गर्ने, ब्रान्ड प्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्ने तथा व्यक्तिगत डिलका अवसर पनि पाउनेछन्। प्रदर्शनीमा सहभागीका लागि नेल आर्ट, मेहन्दी, निःशुल्क पौडी र सबै उमेर समूहलाई आकर्षित गर्ने मनोरञ्जनात्मक गतिविधिहरू पनि हुने जनाइएको छ।

# ताराखोलामा जलविद्युतका ६ आयोजना



बागलुङ। बागलुङको ताराखोला गाउँपालिका जलविद्युतको हब बन्दै गएको छ। गाउँपालिका भएर बग्ने ठाडो खोलाका रूपमा रहेको ताराखोलामा आधा दर्जन जलविद्युत आयोजना निर्माणको विभिन्न चरणमा छन्।

यो खोलामा अहिले दुई आयोजनामा निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेका छन्। दुई आयोजना निर्माणाधीन छन्। थप दुई आयोजना अब निर्माणमा जाने चरणमा छन्।

सयपत्री हाइड्रो कम्पनीले ताराखोला-२ र ३ को सीमामा २.५ मेगावाटको दरम खोला 'ए' जलविद्युत आयोजना निर्माण पूरा गरेको छ। आयोजना हाल सञ्चालनमा छ। ठुला आयोजना नबन्दासम्म गाउँपालिकामा स्थानीय क्षेत्रको विद्युतीकरणका लागि लघु जलविद्युत केन्द्रहरू सञ्चालनमा थिए।

ताराखोलामा निर्माण भएको ३८० किलोवाटको ताराखोला जलविद्युत आयोजना पनि हाल सञ्चालनमा छ। बाँकी चार आयोजना निर्माणको विभिन्न चरणमा छन्। अहिले मध्य-ताराखोला र मध्य-दरमखोला 'ए' को निर्माण धमाधम भइरहेको छ। यी आयोजना निर्माणको भौतिक प्रगति ६० प्रतिशत भइसकेको छ।

यस्तै ४ मेगावाटको दरम 'ए' जलविद्युत आयोजना पनि निर्माणमा गएको छ। यो आयोजनाको ४० प्रतिशत निर्माण पूरा भएको सञ्चालक मिलन खतिवडाले बताए।

३.५ मेगावाटको तल्लो ताराखोला जलविद्युत आयोजना र ४.५ मेगावाटको मध्य-दरम 'बी' आयोजना निर्माणको प्रक्रियामा छन्।

यहाँ निर्माण भएका आयोजनामा स्थानीयको समेत लगानी भएकाले आर्थिक विकासमा ठूलो टेवा पुग्ने ताराखोलाका गाउँपालिका अध्यक्ष धनबहादुर बिकले बताए। 'मध्य-ताराखोला र मध्य-दरम 'ए' जलविद्युत् आयोजनाले गति लिएको छ,' उनले भने, 'ताराखोलाहुँदै गलकोटसम्म अरु तीन आयोजना पनि अगाडि बढेका छन्।'

यी आयोजनामा स्थानीयले समेत ठूलो लगानी गरेका छन्। स्थानीयको लगानीले स्थानीय क्षेत्रको विकासमा योगदान पुग्ने बिकले बताए।

# १० वटा प्रोटोन इमास सेभेन डेलिभरी

पोखरा। नेपालमा प्रोटोन मोटर्सको आधिकारिक वितरक जगदम्बा मोटर्सले पोखरामा ग्राहकहरूलाई १० प्रोटोन इमास सेभेन इलेक्ट्रिक एसयूभीको सामूहिक हस्तान्तरण गर्दै नयाँ कीर्तिमान बनाएको छ।



यो विशेष हस्तान्तरण समारोहमा प्रोटोन मलेसिया र जगदम्बा मोटर्सका वरिष्ठ व्यवस्थापन प्रतिनिधिहरूको उपस्थिति थियो, जसले नेपालको विद्युतीय सवारीसाधन बजारमा प्रोटोनको बढ्दो उपस्थिति देखाएको छ।

पोखरामा आयोजित उक्त कार्यक्रमले प्रोटन इमास सेभेनप्रति ग्राहकहरूको अपार विश्वास देखिएको जगदम्बाले जनाएको छ। यो गाडी विद्युतीय एसयूभी हो, जसले स्टाइल, प्रदर्शन, अत्याधुनिक प्रविधि, दीर्घकालीन किफायतीपन र आत्मसन्तुष्टिलाई एकसाथ ल्याएको जनाइएको छ।

समारोहमा जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेटवालले सामूहिक सवारी हस्तान्तरण केवल कारको हस्तान्तरण मात्र नभई विश्वासको उत्सव भएको बताए। 'पोखरावासीले यातायातको भविष्यलाई अंगालेका छन् र स्वच्छ तथा स्मार्ट यातायाततर्फको यस यात्रामा प्रोटन नेपाल सहभागी हुन पाएकोमा गर्व गर्छौं। यो त ग्रीनर नेपालको दिशामा हाम्रो यात्राको सुरुवातमात्र हो,' उनले भने।

प्रोटन इमास सेभेनले शक्तिशाली १६० किलोवाट मोटर, गाडीभित्र पर्याप्त स्पेस, उन्नत सुरक्षा प्रविधि तथा उद्योगमै सबैभन्दा बढी ८ वर्षको ब्याट्री वारेन्टीसहितका प्रिमियम विशेषताले देशभरका ग्राहकको मन जित्न थालिसकेको छ। प्रोटोन खरिद गर्न चाहनेलाई आकर्षक फाइनान्सिङ योजना, भरपर्दो आफ्टर सेल्स सपोर्ट र विद्युतीय सवारीसाधनको स्वामित्वलाई सहज र लाभदायक बनाउने सुविधा दिइएको कम्पनीले जनाएको छ।

प्रोटोन नेपालले देशभर शोरूम र सेवा सञ्जाल विस्तार गर्दै आफ्नो उपस्थिति फैलाउँदै जाँदा, कम्पनीको ध्यान अझ धेरै नेपाली परिवार र व्यवसायहरूलाई आत्मविश्वासका साथ विद्युतीय सवारीतर्फ रूपान्तरण गर्न सहज बनाउनेतर्फ केन्द्रित बनेको छ।

# डिशहोमको कुशे औंसी अफर

काठमाडौं। डिशहोमले कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनलाई विशेष बनाउन ग्राहकका लागि आकर्षक अफर ल्याएको छ। अब इन्टरनेटमा वार्षिक एमबीपीएस र माथिका प्याकेज लिनेलाई डिशहोमले ७ हजार ९ सय ९९ रुपैयाँ पर्ने फोर-के स्ट्रीमर उपहारस्वरूप दिने भएको हो। फोरके स्ट्रीमर हाईक्वालिटी भिडियो हेर्न चाहनेको रोजाइमा पर्छ। यो विशेष अफर बिहीबारदेखि शनिबारसम्म तीन दिनका लागि लागू गरिएको कम्पनीले जनाएको छ। उपहार प्राप्त गर्न ग्राहकले लाइन जडानको ७ दिनपछि आफ्नो नजिकको डिशहोम सेवा केन्द्रमा ग्राहक आइडी वा इन्टरनेट सेवा लिएको विवरण देखाउनुपर्नेछ।




यस विशेष अभियानमार्फत डिशहोमले बुबाको मुख हेर्ने दिनलाई सम्मान गर्दै आफ्ना ग्राहकहरूलाई अत्याधुनिक मनोरञ्जन उपकरण उपहार दिने भएको हो।

# एम्बार्क कलेजलाई उदाउदो बी–स्कूलको उपाधि

काठमाडौं। इम्बार्क कलेजले अन्तर्राष्ट्रिय स्तरमा अर्को ठूलो सफलता हात पारेको छ। भारतको नयाँ दिल्लीस्थित इरोस होटलमा अगस्त १९ र २० मा भएको इलेट्स वर्ल्ड एजुकेशन समिट २०२५ मा एम्बार्क कलेजलाई इमर्जिङ बी-स्कूल उपाधिबाट सम्मान गरिएको हो।

यो सम्मानले व्यावसायिक शिक्षाका क्षेत्रमा पुऱ्याएको योगदान, नवीन शैक्षिक दृष्टिकोण र छोटो अवधिमा प्राप्त उल्लेखनीय प्रगतिको उच्च मूल्यांकन गरेको इम्बार्क कलेजका प्रमुख कार्यकारी अधिकृत आशिष ठाकुरले बताए।

'यस्तो प्रतिष्ठित अन्तर्राष्ट्रिय मञ्चमा सम्मानित हुन पाउँदा हामी अत्यन्त गौरवान्वित छौं,' उनले भने, 'यो सम्मानले व्यवसायिक शिक्षाको क्षेत्रमा हाम्रो दृष्टिकोण, प्रतिबद्धताको प्रमाण प्रस्तुत गरेको छ।' कलेज विद्यार्थीलाई विश्वस्तरको शिक्षा प्रदान गर्दै जिम्मेवार व्यवसायिक नेतृत्व विकास गर्न प्रतिबद्ध रहेको उनले बताए।

इम्बार्क कलेजले नवीन शिक्षा र व्यावसायिक अभ्यासको संगम, कठोर शैक्षिक मापदण्ड र व्यावहारिक औद्योगिक अनुभवलाई समेट्दै व्यवसायिक शिक्षामा नयाँ उचाइ हासिल गरेको छ। आफ्नो पाठ्यक्रमले नवीनतम सोच, नैतिक नेतृत्व, र विश्वव्यापी व्यवसायिक क्षमताको विकासमा विशेष ध्यान केन्द्रित गरेको कलेजले जनाएको छ।

यस सम्मानले कलेजलाई थप प्रेरित गर्दै शैक्षिक कार्यक्रमहरूलाई विस्तार गर्न, अग्रणी उद्योगहरू सँग सहकार्य बढाउन र विद्यार्थीहरूलाई अझ सशक्त बनाउन सहयोग गर्ने अपेक्षा जारी विज्ञप्तिमा उल्लेख छ।



इलेट्स वर्ल्ड एजुकेशन समिट : शैक्षिक उत्कृष्टताको अन्तर्राष्ट्रिय मञ्च, वर्ल्ड एजुकेशन समित एक वार्षिक अन्तर्राष्ट्रिय सम्मेलन हो, जसले शिक्षा क्षेत्रका नीति निर्माता, शैक्षिक नेता तथा उद्योग विशेषज्ञहरूलाई एउटै मञ्चमा ल्याएर शिक्षा सम्बन्धी समसामयिक विषयहरूमा छलफल गर्छ। यस सम्मेलनले शैक्षिक उत्कृष्टतामा योगदान पुऱ्याउने संस्थाहरूलाई विभिन्न श्रेणीमा सम्मानित गर्ने गर्दछ।

इम्बार्क कलेज रोहेम्प्टन विश्वविद्यालयसँग शैक्षिक साझेदारीका साथ ललितपुरमा अवस्थित एक व्यवसायिक शिक्षण संस्था हो। यो कलेजले जिम्मेवार र सशक्त व्यवसायिक नेतृत्व उत्पादन गर्ने उद्देश्य राखेको छ। नवीन पाठ्यक्रम, अनुभवी प्राध्यापक, र उद्योगसँगको बलियो सहकार्यका माध्यमबाट कलेजले विद्यार्थीहरूलाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने शिक्षा प्रदान गर्दै आइरहेको छ।

## शेयर बजार

# सबै सूचक ओरालो कारोबार ५ अर्बको



news24
**काठमाडौं, भदौ ३**

काठमाडौं। पहिरो लागेको शेयर बजारले साताको अन्तिम कारोबार दिन पनि सुधारको संकेत देखाएन। नेप्से परिसूचक बिहीबार ९.२२ अंकले घटेर २७५७.९७ विन्दुमा रहँदा कारोबार रकम खुम्चिएर ५ अर्ब २ करोड १ लाख रुपैयाँमा सीमित भएको छ।

बजार कारोबारमा आएका १३ उपसमूहमा निर्जीवन बीमाबाहेक सबैका सूचक घट्दा बजारमा उँधो लाग्न नथामिएको हो। २७६७.५२ को विन्दुबाट सुरु भएको बजार मध्यान्ह बढेर २७७५.३५ सम्म पुगेको थियो। तर, बढोत्तरी थामिएन। त्यसयता सूचक बिस्तारै घटेको थियो।

१९७ कम्पनीको सेयरमूल्य घटेको छ। घटेकामध्ये जनउत्थान सामुदायिक लघुवित्तको शेयरमूल्यमा ४.६५ प्रतिशतको गिरावट छ।

५३ कम्पनीको शेयरमूल्य बढेको छ। बढेकामध्ये विकास हाइड्रोपावरका लगानीकर्ता फाइदामा छन्। दोस्रो बजार कारोबारमा आएको पहिलो दिन पोजेटिभ सर्किट लागेको शेयरमा दोस्रो दिन ९.९९ प्रतिशतले सर्किट बराबरकै बढोत्तरी रह्यो।

उच्च कारोबार हुने शीर्ष ५ को सूचीमा हिमालयन रिइन्स्योरेन्स पहिलो भएको छ। उक्त कम्पनीको २४ करोड ९ लाखको सेयर किनबेच भएको छ। यस्तै नेपाल रिइन्स्योरेन्सको २० करोड ९ लाख, बलेफी हाइड्रोपावरको १४ करोड १९ लाख, बुटवल पावरको १३ करोड ४६ लाख र हिमालयन डिष्टिलरीको १३ करोड ८ लाखको कारोबार भएको छ।

बुधबार नेप्से ९.७० अंकले घटेर २७६७.२० विन्दुमा बजार बन्द हुँदा कारोबार रकम ५ अर्ब २० करोड ७ लाख रुपैयाँमा सीमित भएको थियो। त्यसअघि मंगलबार नेप्से ६.५१ अंकले बढेर २७७६.९० को विन्दुमा रहँदा पनि बजार अघिल्लो दिनका तुलनामा कारोबार घटेर ५ अर्ब ६३ करोड ६५ लाखको भएको थियो। गत आइतबार ७ अर्ब ७३ करोडको कारोबार भएको बजार सोमबार ६ अर्ब १७ करोडमा खुम्चिएको थियो।

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २७५७.९७ |
| कारोबार रकम (रु) | ५,०२०,१०४,८१६ |
| कारोबार भएको शेयर संख्या | १६, ८५५, ९०६ |
| कारोबार भएका कम्पनी | ३१९ |
| बजार पुँजीकरण | ४,६०८,४३९,८३२,६६६ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १४३५.२२ | -०११ |
| विकास बैंक | ५७७६.२२ | -०.६५ |
| फाइनान्स | २४५४.४१ | -०.५५ |
| होटल तथा पर्यटन | ७०४२.२५ | -०.८६ |
| जलविद्युत् | ३५७५.३४ | -०.५२ |
| लगानी | १११.३७ | -०.२६ |
| जीवन बीमा | १२९६९.८१ | -०.३२ |
| उत्पादन तथा प्रशोधन | ७५६८.५९ | -०.१८ |
| लघुवित्त | ५१४६.९२ | -०.२१ |
| म्युचुअल फण्ड | २०.३९ | -०.१७ |
| निर्जीवन बीमा | १२३४८ | ०.१४ |
| व्यापार | ४०९७.०१ | -०.६४ |
| अन्य | २५९५.७९ | -०.५२ |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| विकास हाइड्रोपावर क.लि. | ३५३.४० | ३२.१० | ९.९९ |
| साम'दायिक लघ'वित्त | १५७३.१३ | ८०.१९ | ५.३७ |
| म'क्तिनाथ डिबेञ्चर २०८४/८५ | १०८०.०० | ३५.०० | ३.३५ |
| रस'वागढी हाइड्रोपावर | ३२१.४३ | ८.९५ | २.८६ |
| सानिमा ग्रोथ फण्ड | १०.८४ | ०.२९ | २.७५ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| जनउत्थान साम'दायिक लघ'वित्त | १२६३.३६ | -६१.६४ | -४.६५ |
| सयपत्री हाइड्रोपावर | ५७३.०० | -२७.२० | -४.५३ |
| रिलायबल समृद्धि योजना | ९.११ | -०.४० | -४.२१ |
| १० प्रतिशत नबिल डिबेञ्चर | १०४६.७० | -४२.३० | -३.८८ |
| पञ्चकन्या माई हाइड्रोपावर | ३९६.०८ | -१२.६० | -३.०८ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| हिमालयन रिइन्स्योरेन्स | २४०,९५०,३०१.६० | ९७४.०० |
| नेपाल रिइन्स्योरेन्स | २००,९५९,६२३.३० | १५६२.०० |
| बलेफी हाइड्रोपावर | १४१,९५५,०६९.३० | २००.९० |
| ब'टवल पावर | १३४,६५६,३१७.१० | ८२९.०० |
| हिमालयन डिष्टिलरी | १३०,८२४,४४७.२० | १३७५.०० |

# इसेवा मनी ट्रान्सफरको ब्राण्ड फेसमा स्वस्तिमालाई निरन्तरता

काठमाडौं। डिजिटल रेमिटेन्स सेवा प्रदायक इसेवा मनी ट्रान्सफरले आफ्नो ब्रान्ड फेसमा कलाकार स्वस्तिमा खड्कालाई निरन्तरता दिएको छ। सुरुदेखि नै उनलाई लिएको कम्पनीले ब्रान्ड फेस पछिल्लोपटक कन्ट्र्याक्ट नवीकरण गरेको हो।



इसेवा मनी ट्रान्सफरका प्रमुख कार्यकारी अजेश कोइरालाले कलाकार खड्कासँग कम्पनीको सहकार्यलाई निरन्तरता दिइएको बताए। उनका अनुसार सहकार्यमा कम्पनी खुशी छ। 'उहाँसँगको सहकार्यले हामीलाई अझ धेरै नेपालीहरू माझ पुग्न र सुरक्षित, भरपर्दो तथा डिजिटल माध्यमबाट रेमिटेन्स सेवा प्रवाह गर्न थप सहयोग गर्नेछ,' उनले भने।

कलाकार खड्काले पनि इसेवासँगको सहकार्यलाई निरन्तरता दिने समझदारीबाट आफू उत्साहित रहेको प्रतिक्रिया दिएकी छन्।

एफवान सफ्ट ग्रुपअन्तर्गतको इसेवा मनी ट्रान्सफरले परम्परागत र डिजिटल माध्यममार्फत इसेवा वालेट, बैंक तथा वित्तीय संस्था र आफ्ना भुक्तानी केन्द्रमार्फत देशभर रेमिटेन्स सेवा प्रदान गर्दै आएको छ।

# दूधमा अनुदानका लागि ३५ लाख बजेट

दमौली (तनहुँ)- बन्दीपुर गाउँपालिकाले दूध उत्पादक कृषकलाई अनुदान दिन ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। कृषकलाई प्रोत्साहनका लागि पालिकाले आगामी चालु आर्थिक वर्ष २०८२/८३ मा रकम व्यवस्था गरेको हो।

सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रति लिटर २ रुपैयाँ अनुदान दिने व्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए। उनले भने, 'दूध उत्पादनमा अनुदान कार्यक्रमले कृषकलाई पशुपालनतर्फ आकर्षित गर्न सहयोग पुऱ्याएको छ, साथै गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन पनि टेवा पुग्छ।'

बन्दीपुर-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी र बन्दीपुर-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध कृषकले उत्पादनका आधारमा अनुदान रकम पाउँदै आएका छन्। सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई उत्पादनका आधारमा लिटरको २ रुपैयाँ अनुदान उपलब्ध गराउने गरिएको छ।

गाउँपालिकाले मौरीपलन, मुसुरो, तोरी, च्याउखेती, मकैबाली प्रवर्धन, व्यावसायिक फलफूल खेती प्रवर्धन, बिउबिजन वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको जनाएको छ। हाटबजार व्यवस्थापन तथा सञ्चालनका लागि नौ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताउँदै थापाले गाउँपालिकामा धर्म, संस्कृति, भेषभूषा, कला र साहित्यको संरक्षण तथा प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गरे।

त्यस्तै नयाँ पर्यटकीय गन्तव्यको पहिचान तथा गाउँपालिकाभित्र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेका पर्यटकीय स्थलहरूको प्रवर्धन गर्न आवश्यक बजेट विनियोजन गरिएको थापाले बताए।

गाउँपालिकाले युवाहरूलाई बजार मागको आधारमा व्यावसायिक सीपमूलक तालिम, वैदेशिक रोजगारीबाट फर्किएकालाई उद्यमशीलता तालिम, पूर्व सिकाइ मान्यताको विधिबाट सीप परीक्षण कार्य, पालिकाभित्र उत्पादन भएका वस्तुहरूको प्रदर्शनी एवं बजारीकरणका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छ। *रासस*

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## बक्यौता कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०५/०६**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको भुक्तानी तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी एवं व्यक्तिगत धनजमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत तहाँहरुले कर्जा नबुझाएको कारण तपाईंहरुले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) धितो सुरक्षणमा प्रवाह भएका कर्जाहरुको हकमा जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री/गैर बैंकिङ सम्पत्तिको रुपमा सकार गरी कर्जा खातामा हिसाब मिलान गर्दा समेत सम्पूर्ण कर्जा असुल उपर नभई बक्यौता रहेको र बिना धितो सामूहिक जमानी एवं व्यक्तिगत जमानीको आधारमा प्रवाह भएका कर्जाहरुको हकमा सोही बमोजिमका प्रचलित ऐन कानूनको अधीनमा रही कर्जा असुलीका कारवाही प्रकृया अगाढि बढाई बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गर्न जानकारी गराईएकोमा तहाँहरुले बक्यौता कर्जा भुक्तान नगर्नु भएकोले पुनः बाँकी कर्जा चुक्ता भुक्तान गर्न आउनको लागि तहाँ ऋणी/व्यक्तिगत धनजमानतकर्ताहरुको नाममा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, तहाँ ऋणी तथा व्यक्तिगत धनजमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरिएकोमा तहाँहरुको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश भएको व्यहोरा जानकारी गराईन्छ। तसर्थ, तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत धनजमानतकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र बैंकको कुनै पनि शाखा तथा केन्द्रीय कार्यालयमा सर्म्पक गरी तिर्न बुझाउन बाँकी बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा, बैंकको बाँकी लेना रकम असुलउपर लागि तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धनजमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १. | मेनुका देवी प्रधान<br>ना.प्र.नं.: ६५९२४(रुपन्देही) | १. खगेन्द्र प्रधान, ना.प्र.नं. : ७/६७६४(रुपन्देही)<br>२. गोमा बस्नेत, ना.प्र.नं. : ३७१०२३/२/३३४५८(रुपन्देही)<br>३. प्रेम कुमारी गुरुङ्ग, ना.प्र.नं. : २१३०४(रुपन्देही) |
| २. | संगिता थापा,<br>ना.प्र.नं.: ३७-०१-६९-०३३०८<br>(रुपन्देही) | १. अरविन्द थापा, ना.प्र.नं. : ३७-०१-७४-०४४८७ (रुपन्देही)<br>२. गोमा बस्नेत, ना.प्र.नं. : ३७१०२३/२/३३४५८ (रुपन्देही)<br>३. प्रेम कुमारी गुरुङ्ग,ना.प्र.नं. : २१३०४(रुपन्देही) |
| ३. | सानु दमै<br>ना.प्र.नं. : ३७३०३७/१२६१(रुपन्देही) | १. मौसमी दमै, ना.प्र.नं.: ३७-०२-७४-००५७९(रुपन्देही)<br>२. नानुमाया भुसाल मगर,ना.प्र.नं. : ४४१००१/२४१७ (गोरखा)<br>३. राधा क्षेत्री,ना.प्र.नं.: ३७३०३७/१०५७ (रुपन्देही) |
| ४. | नर माया गुरुङ्ग<br>ना.प्र.नं.: ८९६८५ (नवलपरासी) | १. रोशन गुरुङ्ग , ना.प्र.नं.: ३६-०१-७५-०३७०६ (नवलपरासी)<br>२. अम्बिका देवान फकिर, ना.प्र.नं.: ३७१०१०/१/२३००२(रुपन्देही)<br>३. सिता कुमारी गुरुङ्ग,ना.प्र.नं. : ७९०१९(नवलपरासी) |
| ५. | लेखमाया वोहरा क्षेत्री<br>ना.प्र.नं.: ३२९८५(रुपन्देही) | १. राधेश्याम वोहरा क्षेत्री,ना.प्र.नं.: १२४३२(रुपन्देही)<br>२. शुष्मा राना,ना.प्र.नं.: ३७२००३/५२७०२(रुपन्देही)<br>३. इन्द्र माया गुरुङ्ग ,ना.प्र.नं.: ४२११३६२ (स्याङ्गजा) |
| ६ | अनुपमा कान्दु बनिया<br>ना.प्र.नं. : ३७१०२३/१३९८१(रुपन्देही) | १. बिनोद बनिया ,ना.प्र.नं. : ३७३०२३/२५६५(रुपन्देही)<br>२. अल्पना कान्दु (सिंह), ना.प्र.नं.: ३७-०१-७०-०११९५(रुपन्देही)<br>३. मायादेवी नाउँ ,ना.प्र.नं.: ६०९४ (रुपन्देही) |
| ७ | अमृता श्रीस, ना.प्र.नं.: ६६ (वागलुङ) | १. विजय श्रीस,ना.प्र.नं. : ३७-०१-७१-०६४५३ (रुपन्देही)<br>२. नरमाया सारु थापा, ना.प्र.नं. : ८/३४३८(रुपन्देही)<br>३. तोरण कुमारी राना,ना.प्र.नं.: ८/३४२३(रुपन्देही) |
| ८ | माया नेपाली सार्की<br>ना.प्र.नं. : ३७३०३५/८३०(रुपन्देही) | १. साजन नेपाली सार्की,ना.प्र.नं. : ३७३०३५/७७९(रुपन्देही)<br>२. सावित्री देवी, ना.प्र.नं. : ३७३०३/४६९(रुपन्देही)<br>३. संगीता चौधरी,ना.प्र.नं. : ०६३००५/१४७ (सुनसरी) |
| ९ | संगीता वलाल थापा<br>ना.प्र.नं. : ३७३०३६/३८(रुपन्देही) | १. विकास थापा, ना.प्र.नं.: ३७३०३५/३५३(रुपन्देही)<br>२. अमृता गौतम, ना.प्र.नं. : ३७२०३८/७१६८६(रुपन्देही)<br>३. पुजा कुमाल, ना.प्र.नं. : ३७२०३८/७११५८(रुपन्देही) |
| १० | श्रीमती पार्वती थापा<br>ना.प्र.नं. : १९६७१(रुपन्देही) | १. निशा थापा,ना.प्र.नं.: ३७-०१-७०-०६४४२(रुपन्देही)<br>२. शोभा गुरुङ्ग,ना.प्र.नं. : ४५३००५/१२९ (लमजुङ)<br>३. मन्जु मल्ल,ना.प्र.नं. : १०२६५ (रुपन्देही) |
| ११ | रिता कुमारी दर्लामी<br>ना.प्र.नं. : ३९१०२६/४७१(पाल्पा) | १. भावना सारु मगर,ना.प्र.नं. : ३७-०२-७०-०८२८७(रुपन्देही)<br>२. नानु माया भुसाल मगर,ना.प्र.नं.: ४४१००१/२४१७ (गोरखा)<br>३. राधा क्षेत्री,ना.प्र.नं.: ३७३०३७/१०५७(रुपन्देही) |
| १२ | गीता गर्वुजा मगर<br>ना.प्र.नं. : ५१३०४६/१५ (पर्वत) | १. शेर बहादुर तिलिजा,ना.प्र.नं.: ३७१०१६/४८२१५(रुपन्देही)<br>२.जमुना सर्मा अर्याल, ना.प्र.नं.: १०१६/४७४३१(रुपन्देही)<br>३. सरिता तिलिजा ,ना.प्र.नं.: १५५४५(पर्वत) |
| १३ | शुकमाया गुरुङ<br>ना.प्र.नं. : ८/४५४ (चितवन) | १. सिटिना गुरुङ्ग,ना.प्र.नं. : ३७-०२-७३-०३८०४(रुपन्देही)<br>२. रत्न सुनखरी,ना.प्र.नं.: ३७३०३७/९७२(रुपन्देही) |
| १४ | भावना थापा<br>ना.प्र.नं.: ३७-०१-७०-०८०११(रुपन्देही) | १. भगवती दाहाल (पोखरेल),ना.प्र.नं. : १५-०१-७१-०४०३४ (सिराहा)<br>२. रिता क्षेत्री,ना.प्र.नं.: ३५३०२५/३७४९ (चितवन) |
| १५ | सरिता थापा<br>ना.प्र.नं.: ३७१०१६/३३९८३(रुपन्देही) | १. अमर थापा मगर,ना.प्र.नं. : ३७-०१-७४-१०३४५ (रुपन्देही)<br>२. सरिता तिलिजा ,ना.प्र.नं.: १५५४५(पर्वत)<br>३. जय श्री थापा,ना.प्र.नं. : ७७४०७(पाल्पा) |
| १६ | सरिता तिलिजा<br>ना.प्र.नं.: १५५४५(पर्वत) | १. गीता गर्वुजा मगर,ना.प्र.नं. : ५१३०४६/१५(पर्वत)<br>२. जमुना सर्मा अर्याल, ना.प्र.नं.: ३७१०१६/४७४३१(रुपन्देही)<br>३. शेर बहादुर तिलिजा,ना.प्र.नं. : ३७१०१६/४८२१५(रुपन्देही) |
| १७ | तुल्सी थापा<br>ना.प्र.नं.: ३७-०२-७२-००२१४(रुपन्देही) | १. सुमित्रा थापा ,ना.प्र.नं.: ५०१००५/२४०३० (बाग्लुङ्ग) |
| १८ | सामना शाही (थापा)<br>ना.प्र.नं.: ३७१०२३/४६६०२(रुपन्देही) | १. सुदीप थापा,ना.प्र.नं.: ३७१०२३/३६०२७ (रुपन्देही)<br>२. सुन्दरी दरै,ना.प्र.नं. : ३६.२.०३३/२२६ (नवलपरासी)<br>३. धना राना,ना.प्र.नं. : ३९१०६६/४४१९ (पाल्पा) |
| १९ | मीना काफ्ले,ना.प्र.नं.: १२०८०(रुपन्देही) | १. झरना काफ्ले,ना.प्र.नं.:३७-०१-७१-११९०५ (रुपन्देही)<br>२. सरिता तिलिजा ,ना.प्र.नं.: १५५४५ (पर्वत)<br>३. जय श्री थापा,ना.प्र.नं.७७४०७ (पाल्पा) |
| २० | पुनम जोशी<br>ना.प्र.नं.: ३७१०२३/४०१९६(रुपन्देही) | १. विशाल प्रसाद जोशी,ना.प्र.नं.:२/५१३७ (रुपन्देही)<br>२. मन्जु थापा,ना.प्र.नं.: ४९६६ (रुपन्देही)<br>३. दिपा के.सी.,ना.प्र.नं. : ३७२०२४/६०५७८(रुपन्देही) |
| २१ | दिपा के.सी.<br>ना.प्र.नं.: ३७२०२४/६०५७८(रुपन्देही) | १. लक्ष्मी रायमाझी,ना.प्र.नं. : २/४२३७ (पाल्पा)<br>२. मन्जु थापा,ना.प्र.नं.: ४९६६(रुपन्देही)<br>३. पुनम जोशी,ना.प्र.नं.: ३७१०२३/४०१९६ (रुपन्देही) |
| २२. | अल्पना कान्दु (सिंह<br>ना.प्र.नं.: ३७-०१-७०-०११९५(रुपन्देही) | १. अनुपमा कान्दु बनिया ,ना.प्र.नं.: ३७१०२३/१३९८१(रुपन्देही)<br>२. दिनेश बनिया ,ना.प्र.नं.: ३७३०२३/२५६४(रुपन्देही)<br>३. मायादेवी नाउँ ,ना.प्र.नं.: ६०९४(रुपन्देही) |
| २३. | पम्फा कुमारी दमाई<br>ना.प्र.नं.: ८४५/६३०७ (वाग्लुङ) | १. अर्जुन परियार ,ना.प्र.नं.: ३७-०२-७४-०९४४६(रुपन्देही)<br>२. चन्द्रकला सुनार,ना.प्र.नं.: ३७३०३७/११८७(रुपन्देही)<br>३. नानु माया भुसाल मगर, ना.प्र.नं.: ४४१००१/२४१७ (गोरखा) |
| २४. | पूर्णीमाया कुवंर<br>ना.प्र.नं. : १९२०८६/३(सर्लाही) | १. राजेश गुरुङ,ना.प्र.नं.: ४४४४१०२७/७०४(गोरखा)<br>२. सन्तमाया लामा,ना.प्र.नं.: ९ (कास्की)<br>३. माया पुन,ना.प्र.नं. : ४९१०३४/२६३०२ (म्याग्दी) |
| २५. | विमला घर्ती मगर<br>ना.प्र.नं.: ३७-०१-७३-०७९७८(रुपन्देही) | १. कमला घर्ती मगर, ना.प्र.नं.: ३७१०२०/२/३४६७४(रुपन्देही)<br>२. शोभा गुरुङ्ग, ना.प्र.नं.: ४५३००५/१२९(लमजुङ)<br>३. श्रीमती पार्वती थापा,ना.प्र.नं. : १९६७१ (रुपन्देही) |
| २६. | पविसरा सूर्यवंशी<br>ना.प्र.नं. : ३९३०२६/१६० (पाल्पा) | १. भावना सारु मगर,ना.प्र.नं.: ३७-०२-७०-०८२८७(रुपन्देही)<br>२.राधा क्षेत्री,ना.प्र.नं.: ३७३०३७/१०५७(रुपन्देही)<br>३. चन्द्रकला सुनार,ना.प्र.नं.: ३७३०३७/११८७(रुपन्देही) |
| २७. | पुनम क्षेत्री<br>ना.प्र.नं. : ३७३०३७/२३४(रुपन्देही) | १. बखत वहादुर क्षेत्री,ना.प्र.नं : १२४३७(रुपन्देही)<br>२. कमला कुमारी ढकाल,ना.प्र.नं.: १५०(रुपन्देही)<br>३. शान्ति गायक,ना.प्र.नं.: ३७२०३७/६२१६१(रुपन्देही) |
| २८. | चन्देश्वरी यादव<br>ना.प्र.नं.:१६१०३०/४५०(सप्तरी) | १.उमेश यादव,ना.प्र.नं. : १६३०३०/६१२ (सप्तरी)<br>२. नुतन झा,ना.प्र.नं.: ३७१०२३/४०५८६(रुपन्देही)<br>३. नन्दा मल्ल,ना.प्र.नं. : १९१७५(रुपन्देही) |
| २९. | रनमाया परियार<br>ना.प्र.नं.: ४६-०१-७०-०६०१३ (कास्की) | १.प्रशान्त परियार,ना.प्र.नं.: ४६-०१-७४-०८३९५(कास्की)<br>२. जौमाया परियार (नेपाली),ना.प्र.नं.: ५०१२५/२९९७७-बागलुङ (कास्की)<br>३. सृजना आलेमगर,ना.प्र.नं.: १/४१०९७ (धादिङ्ग) |
| ३०. | अनिता गुरुङ्ग<br>ना.प्र.नं.: ४३२०१७/८९ (तनहुँ) | १.रिता कुवर, ना.प्र.नं.: ६१२८७ (लमजुङ)<br>२. मिना गुरुङ्ग (तामाङ्ग),ना.प्र.नं.: ४३२०१७/२३५(तनहुँ)<br>३. सुनिता तामाङ्ग,ना.प्र.नं.: ४५००८ (चितवन)<br>४. समसिरी गुरुङ,ना.प्र.नं.: ४३१०१७/११०९३८(तनहुँ) |
| ३१. | रिता कुवर<br>ना.प्र.नं.: ६१२८७ (लमजुङ) | १.मिना गुरुङ्ग (तामाङ्ग), ना.प्र.नं.: ४३२०१७/२३५(तनहुँ)<br>२. सुनिता तामाङ्ग, ना.प्र.नं.: ४५००८ (चितवन)<br>३. अनिता गुरुङ्ग, ना.प्र.नं.: ४३२०१७/८९(तनहुँ)<br>४.समसिरी गुरुङ, ना.प्र.नं.: ४३१०१७/११०९३८(तनहुँ) |
| ३२. | लक्ष्मी राई<br>ना.प्र.नं.: ४६१००२/५४२०(कास्की) | १.सीता विश्वकर्मा,ना.प्र.नं.: ४३१०३७/१०९६ (तनहुँ)<br>२. राम कुमार राई,ना.प्र.नं.: ४६१००२/३३७२(कास्की)<br>३. उषा पुन मगर,ना.प्र.नं.: ३७१००२/२९०९५(रुपन्देही)<br>४.मन बहादुर सुनार,ना.प्र.नं.: १४११(कास्की)<br>५. लाल माया सुनार,ना.प्र.नं.: ४६१००२/३९४३(कास्की) |
| ३३. | अनु विश्वकर्मा<br>ना.प्र.नं.: ४६१००२/२७३०(कास्की) | १.सुरज नेपाली,ना.प्र.नं.: ४६-०१-७०-०७०४६ (कास्की)<br>२. उर्मीला घर्ती,ना.प्र.नं. : ५५६३५ (कास्की)<br>३. उषा खत्री,ना.प्र.नं.:४६३०३१/६९(कास्की) |
| ३४. | विष्णु परियार<br>ना.प्र.नं.: ४६१०२८/९७(कास्की) | १.कुसुम परियार,ना.प्र.नं.: ४६-०२-७३-०१८८५(कास्की)<br>२. लक्ष्मी परियार,ना.प्र.नं. : ४६३०२७/२२४ (कास्की) |
| ३५. | उषा पुन मगर<br>ना.प्र.नं.: ३७१००२/२९०९५(रुपन्देही) | १.सीता विश्वकर्मा,ना.प्र.नं.: ४३१०३७/१०९६ (तनहुँ)<br>२. राम कुमार राई,ना.प्र.नं.: ४६१००२/३३७२(कास्की)<br>३. सुमित्रा मगर,ना.प्र.नं.: ४६-०१-७२-०८३६१(कास्की)<br>४. मन बहादुर सुनार,ना.प्र.नं.: १४११(कास्की)<br>५. लाल माया सुनार,ना.प्र.नं.: ४६१००२/३९४३(कास्की) |
| ३६. | लक्ष्मी परियार<br>ना.प्र.नं. : ४६३०२७/२२४ (कास्की) | १. विष्णु परियार ,ना.प्र.नं.: ४६१०२८/९७(कास्की)<br>२. कुसुम परियार,ना.प्र.नं. : ४६-०२-७३-०१८८५(कास्की) |
| ३७. | नर्मदा सारु<br>ना.प्र.नं.:४०१०३५/९२८ (अर्घाखाँची) | १.आशा वस्नेत,ना.प्र.नं.: ४०३०३५/३४(अर्घाखाँची)<br>२.मधु खड्का,ना.प्र.नं.: ८४५/१५४३(अर्घाखाँची)<br>३.पार्वती क्षेत्री,ना.प्र.नं.:११०९७/९३८१/२८७४(अर्घाखाँची) |
| ३८. | राकेश कुमार राउत<br>ना.प्र.नं.: ३४१००४/५७९ (पर्सा) | १. रुपेश कुमार राउत,ना.प्र.नं.: ३४-०१-७२-०५०२१(पर्सा)<br>२. दिनानाथ राउत कुर्मी ,ना.प्र.नं.: ०४४६१६४२(पर्सा)<br>३. गौदम देवी कुर्मीन,ना.प्र.नं.: ६०८/०४४६२३२६ (पर्सा)<br>,४. रिमा देवी,ना.प्र.नं.:३४-०१-७५-१८२८५(पर्सा) |
| ३९. | रंजित कुमार झा<br>ना.प्र.नं. : ४५५१(रौतहट) | १.चिन्ता देवी,ना.प्र.नं.: ३२-०१-६९-०५५८८ (रौतहट)<br>२. ललन झा, ना.प्र.नं.: ६१२२१०२६(रौतहट) |
| ४०. | शंकर बाबा अटो वर्कशप (प्रो.निर्मोद कुमार विश्वकर्मा), दर्ता नं : ८२१९ | १. रन्जना कुमारी विश्वकर्मा, ना.प्र.नं. : ७२०८(सप्तरी) |
| ४१. | न्यू शशी ट्रेडर्स (प्रो.राजेन्द्र चौधरी)<br>प्रा.फ.रं.नं.: २४११०/०७३/७४ | १. बेचानी चौधरी,<br>ना.प्र.नं. : ६७-२४-७०/००७४८ (कैलाली) |
| ४२. | सन्तकुमारी सून चाँदी व्यवसाय उद्योग<br>(प्रो.सन्त कुमारी सुनार)<br>लघु उद्यम दर्ता नं. : १४८/०७४/७५ | १. दिपक सुनार,ना.प्र.नं. : ९४११३(नुवाकोट),<br>२. हरिलाल सुनार,ना.प्र.नं. : १८३१ (नुवाकोट) |
| ४३. | कुम कुम कस्मेटिक (प्रो.रितादेवी गुप्ता)<br>प्रा.फ.र.नं.: ४७०१०/०७७, स्थानीय व्यापार | १. लक्ष्मण प्रसाद गुप्ता ,ना.प्र.नं. २००२९(रुपन्देही)<br>२. श्रीराम गुप्ता बनिया ,ना.प्र.नं. ७७५९(रुपन्देही) |
| ४४. | निभा एकिकृत कृषि फर्म (प्रो.सिता देवि)<br>घ.तथा सा.उ.का.: १११६३/०७६/०७७ | १. प्रधुम्न पटेल ,ना.प्र.नं.: ०५२३२२०८ (पर्सा)<br>२.शंभु राउत ,ना.प्र.नं.: ०५५३०६८० (पर्सा)<br>३. प्राणी देवि कुर्मीन ,ना.प्र.नं. : ०५२३०६८१(पर्सा) |
| ४५. | भोगेन्द्र मण्डल,<br>ना.प्र.नं.: ३९६९५६५८ (धनुषा) | १. गोपीचन मण्डल,ना.प्र.नं.: ४४४९०००५(धनुषा) |
| ४६. | डिलाराम पाण्डे, ना.प्र.नं.: ४०-०१-७३-००७९२ (अर्घाखाँची) | १. संगिता पाण्डे,ना.प्र.नं.: ४०-०१-७५-०५५३३(अर्घाखाँची) |
| ४७. | रुपेश कुमार चौधरी थारु<br>ना.प्र.नं. : ८३२४१६४२ (सर्लाही) | १. चन्द्रकला कुमारी चौधरी,ना.प्र.नं. : ८३२४२२०६(सर्लाही) |
| ४८. | भैरव दर्शन ग्रुप प्रा.लि.(अख्तियार प्राप्त ब्यक्ति : सूर्य बहादुर कार्की)<br>दर्ता नं. : ११२२७९/६९/०७० | १. विज्जु कुमारी जि.सी.,ना.प्र.नं. : २०६६३(रुपन्देही) |
| ४९. | दर्शन सहारा ग्रुप प्रा. लि.(अख्तियार प्राप्त ब्यक्तिः मोहन सिंह ठकुरी)<br>दर्ता नं. : १९३९९३/०७५/०७६ | १. गंगा कुमारी सिङ्ग ,ना.प्र.नं. : ७/१५०६०(रुपन्देही)<br>२. डम्बरजंग मल्ल ,ना.प्र.नं. : १९०२९(लमजुङ) |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

# 'ताराहरूलाई रंगमञ्चमा नै सीमित राख्न मन लागेन'






रंगमञ्चबाट कथा मञ्चन गरिरहेका कलाकार आशान्त शर्माले अभिनयसँगै निर्देशन गरेको चलचित्र 'ताराहरू' को विशेष प्रदर्शन (प्रिमियर) गरिएको छ। बुधबार साँझ नयाँ बानेश्वरस्थित एक चलचित्र भवनमा गरिएको प्रदर्शनीमा चलचित्रकर्मी तथा कलाकर्मीको उपस्थिति रहेको थियो।

रंगमञ्चमा मञ्चन हुने नाटकमा निर्देशक र अभिनेतासँगै प्राविधिक पाटोसमेत सम्हालेका कलाकार शर्माले यसपटक एउटा नाटकलाई नै ठूलो पर्दामा ल्याएको बताए। रंगमञ्चबाट भनिएको 'साथी, साथी आइदेऊ न' नाटकको कथालाई पुनः चलचित्रको माध्यममा ल्याउन विषयवस्तुले प्रभाव पारेको उनको भनाइ छ।

'नाटक मञ्चन गरेपछि यसलाई धेरै ठाउँमा देखाउन रंगकर्मीले सुझाव दिनुभयो। केहीले 'युट्युब'मा राख्नसमेत सुझाउनुभयो, तर नेपालभर नाटक लिएर यात्रा गर्न सम्भव थिएन। नाटकका कलाकार सबैको समय मिलिरहेको थिएन, युट्युबमा ल्याउँदा मलाई मर्म मर्छ भन्ने लाग्यो,' शर्माले भने, 'त्यसकारण 'साथी, साथी आइदेऊ न' नाटकको कथा धेरैसम्म पुग्नुपर्छ भन्ने सोचका कारण नै मैले यसलाई चलचित्रको माध्यममा ल्याएको हूँ।'

रंगमञ्चमै रमाउने कलाकार शर्मा यसपटक निर्देशकसँगै अभिनेता बनेका छन्। पहिलोपटक चलचित्रमा मुख्य अभिनेता बन्नुको कारकका रूपमा उनले पात्रप्रतिको न्याय दिन सकिन्छ कि भन्ने अभिप्राय रहेको बताए। 'आफूले जीवन्त बनाएको पात्रलाई अन्यले के कसरी निर्वाह गर्लान् भन्ने चिन्ताले नै निर्देशक र मुख्य अभिनेता बनेँ,' शर्माको भनाइ छ।

'मैले एउटा भूमिकामा मात्र आफूलाई प्रस्तुत गरेको भए, अहिलेको भन्दा राम्रो काम गर्न सक्थेँ भन्ने लाग्छ, तर त्यो कथालाई अन्य निर्देशकले कसरी प्रस्तुत गर्नुहोला भन्ने डरले आफैं निर्देशक बनेको हूँ,' उनले भने। अन्य केही प्रसिद्ध कलाकारलाई पनि अभिनय गर्न दिउँ भन्ने लागेर केही संवाद पनि गरेको थिएँ, तर ती कलाकारको लोकप्रियताले मैले सिर्जना गरेको पात्र र कथाको मर्मलाई ओझेलमा पार्ने हो कि भन्ने डर लाग्यो। सोही कारण म आफैं यसमा दोहोरो भूमिकामा आएँ।'

किशोर मनोविज्ञानलाई खोतलेर उनीहरूको मानसिक स्वास्थ्यको कथा देखाइएको चलचित्र 'ताराहरू'मा आत्महत्याको मार्गमा हिँडेकी एक किशोरीको भेट एक अधबैँसे पुरुषसँग हुन्छ। उनीहरू साथी बन्छन्। मृत्यु कल्पेर हिँडेकी किशोरीको आँखामा भरिने सपना र आशासँगै आउने खुसीलाई चलचित्रको विषय बनाइएको छ।

रंगमञ्चमा मात्र देखाइरहँदा कथाले न्याय नपाएको महसूस गरेका कलाकार शर्माले चलचित्र हेर्ने दर्शकले विभिन्न कोणबाट समीक्षा गर्नेमा विश्वस्त छन्। 'व्यावसायिकरूपमा हामीले यो चलचित्रको प्रचारप्रसार गर्नसकेका छैनौँ, तर चलचित्र हेर्ने दर्शकले यसलाई प्रचार गरेर हेर्न आग्रह गरिदिनुहुन्छ भन्ने मलाई लागेको छ। हामी रंगमञ्चका कलाकारले इमानदार भएर सिर्जना गर्न सक्छौँ तर हालको समयमा प्रतिस्पर्धा गर्न सक्दैनौँ। हाम्रो विषय र कथाले नै प्रतिस्पर्धा गर्नेछ,' उनले भने।

मध्यमवर्गीय परिवारमा जन्मेको पुरुषले सपना र चाहना पूरा गर्न कति संघर्ष गर्छ ? समाजले उसबारे के सोच्छ ? अनि उसले समाजबारे के सोच्छ ? भन्ने प्रश्नको जवाफ खोज्दै कथा बुनिएको कलाकार शर्माले बताए।

उक्त चलचित्रमा कुन्दन शाक्य, मीरा खड्का, प्रभाकर न्यौपाने, आभाष अधिकारी, राज पंगेनी शर्मा, प्रमोद बाबु, विकास खनाल लगायतका कलाकारले अभिनय गरेका छन्।

फिल्म शुक्रबारबाट देशभरिका ५३ वटा सिनेमा हलमा प्रदर्शन भइरहेको छ।

आफ्नो फिल्म अन्य दुई ठूला फिल्मसँग जुधेका कारण ओझेलमा पर्ने सम्भावना रहेको भए पनि दर्शकले झुक्किएरै हेरे पनि फिल्मबाट निराश नहुने उनले बताए। त्यसैले आफू यो फिल्मको प्रदर्शनबाट आशावादी रहेको बताए।

सिनेमा हलमा नयाँ निर्देशकलाई दर्शकले स्वीकार्नु र पत्याउनु हुन्छ कि हुन्न भन्ने दुविधा रहे पनि फिल्मको विषयप्रति आफू आशावादी रहेको उनले बताए।

उनले आफ्नो काममा सन्तुष्टि पाएको बताए। फिल्म गम्भीर विषयमा बने पनि प्रस्तुतिमा हल्कापन रहेको उनले बताए। उनले भने, ' मन भारी हुने विषय लिइएको भए पनि हलबाट निस्किएपछि चाहिँ उहाँहरूले फिल्म राम्रै छ भन्नु हुनेछ।'

निर्देशकको पहिलो काम र ठूला स्टारहरू नरहेका कारण दर्शकले झट्ट विश्वास नगर्ने समस्यातर्फ उनी सचेत छन्। दुई ठूला फिल्मसँग आफ्नो फिल्म जुधाउनुमा कुनै 'मार्केटिङ स्ट्राटेजी' नरहेको समेत उनले जनाए।

'पहिला शुरुमा हामीले डेट तोक्यौं,' उनले खुलाए, 'पछि अरु फिल्म थपिँदै जान थाले। अब अरुलाई रोक्न मिलेन। हामीले हाम्रो कथा इमान्दारीपूर्वक देखाउने हो।'

फिल्मको बजेट एक करोडभन्दा बढी भए पनि ठूलो हलका लागि फिल्म बनाएका कारण हलमै रिलिजका लागि जोड दिएको उनले जनाए। धेरै कलाकारहरूलाई फिल्म चलेपछि भुक्तानी गर्ने योजना रहेका कारण फिल्मले चाँडै पैसा उठाउने अपेक्षा उनले गरेका छन्।

'अरुले यो फिल्म बनाएका भए तीन करोड न्यूनतम बजेट हुन्थ्यो होला,' उनले भने, 'हामीले मिलेर काम गरेको हुनाले कम बजेटमा फिल्म तयार भयो।'

ठूलो पर्दाका लागि पहिलो पटक निर्देशन गरेका शर्माले यसअघि फिल्ममा अभिनय गरेका थिए। म्युजिक भिडियो निर्देशन गरेका थिए। टेलिभिजनका लागि शृंखलाहरू तयार पारेका थिए। नाटकहरू निर्देशन गरेका थिए तर फिल्म नै निर्देशन गर्ने हिम्मत चाहिँ कथावस्तुले नै दिएको उनी बताउँछन्।

उनले भने, 'यही विषयमा नाटक बनाउँदा खूब चलेको थियो। नाटक चल्छ भने फिल्म पनि अवश्य चल्नुपर्छ भन्ने लाग्यो र बनाइयो।'

जसले फिल्ममा कथा खोज्छ, उसका लागि यो फिल्म बनाइएको उनको दाबी छ। 'बजारको खोजी भन्दा कथाको खोजी होस् भनेर बनाएँ,' उनी भन्छन्, 'खोजी भएन भने पनि त्यसमा म सन्तुष्ट नै हुनेछु।'

अन्य प्लेटफर्मबाट यसको लगानी उक्सिने उनको अपेक्षा छ। उनले भने, 'दर्शकले हाम्रै समयको कथा रैछ भनेर सन्तुष्ट होऊन्, यत्ति इच्छा छ।'

## ९४ औं वर्षमा दुई कृति




कवि तथा गजलकार डा. कृष्णजंग राणाको ९४ औं जन्मोत्सवका अवसरमा उनका दुई कृति 'मुटुभरि माया' (नेपाली गजल संग्रह) र 'दिल से दिल तक' (हिन्दी-उर्दू गजल संग्रह) सार्वजनिक गरियो।

कार्यक्रममा दुवै कृति शरच्चन्द्र वस्ती, इम्तियाज वफा, डा. श्वेता दीप्ति, डा. धनेश द्विवेदी र सर्जक स्वयं डा. कृष्णजंग राणाले सामूहिक रूपमा लोकार्पण गरे।

कृति विमोचनपछि बोल्दै शरच्चन्द्र वस्तीले डा. राणाको व्यक्तित्वझैं उहाँका रचनाहरू पनि सरल, सहज र गरिमामय भएको उल्लेख गरे। इम्तियाज वफाले डा. राणाको कृति र व्यक्तित्व प्रेरणादायी रहेको जनाए डा. श्वेता दीप्तिले संग्रहभित्रको गजल गाएर जन्मोत्सवमा रंग थपिन्।

त्यस्तै, डा. धनेश द्विवेदी, रामचन्द्रमान सिंह लगायत वक्ताहरूले पनि आफ्ना मन्तव्य राखेका थिए। कार्यक्रममा शान्ति शर्मा, मनमोहन थपलिया, धीरेन्द्र प्रेमर्षि, मुमताज अन्जुम, सनत कुमार वस्ती लगायतले संग्रहभित्रका गजलहरूमा लय हालेका थिए।

कार्यक्रममा प्रकाशन संस्थाका तर्फबाट अश्विनी कोइरालाले स्वागत मन्तव्य राखेका थिए भने वरदानजंग राणाले धन्यवाद ज्ञापन गरे। सर्जक डा. राणाले उपस्थित सबैलाई धन्यवाद दिँदै आफ्ना सिर्जना पनि वाचन गरेका थिए।

कार्यक्रमको सञ्चालन सनत कुमार वस्तीले गरेका थिए। 'मुटुभरि माया' कृतिलाई साहित्यपोस्ट (ई-दैनिक) ले प्रकाशन गरेको हो भने 'दिल से दिल तक' लाई उर्दू प्रतिष्ठानले प्रकाशन गरेको कार्यक्रममा जानकारी दिइएको थियो।

## १० वर्षे ज्याक बने बेस्टसेलर लेखक



बेलायती एक बालक १० वर्षकै उमेरमा बेस्टसेलर लेखक बन्न पुगेका छन्। अमेजनमा उनी 'बेस्टसेलिङ लेखक' बन्न सफल भएका हुन्। ज्याकले लेखेको पुस्तक 'ज्याक्स रेप्टाइल अल्फावेटः रेप्टाइल फ्याक्ट्स एन्ड फन राइम्स' शीर्षक यो पुस्तक गएको अगस्त ८ मा प्रकाशित हुनेबित्तिकै अमेजनमा तीन वटा श्रेणीमा बेस्टसेलर बन्न पुगेको बीबीसीले जनाएको छ।

उनको रेप्टाइल्स, रेप्टाइल्स एन्ड एम्फिबियन्स-बुक्स, एम्फिबियन पुस्तक विधामा बेस्टसेलर बन्न पुगेको अमेजनले जनाएको छ।

यो उमेरमा यो पुस्तक सफल भएको देख्दा ज्याकले भने, 'यो अद्भूत कुरा हो। निकै ठूलो अनुभव पाएँ। म यो उपलब्धिमा यति गर्वित छु कि यसपछि के बोल्ने मैले शब्दै पाइरहेको छैन।'

ज्याककी आमा लुसीका अनुसार उनले चार वर्षको उमेरदेखि चित्र बनाउन सुरु गरेका थिए। उनका बाबु पालतु जनावरको पसल चलाउने भएकाले उनी सानैदेखि जनावरबीच हुर्किएका हुन्।

लुसी भन्छिन्, 'उनी चित्र बनाउन छिट्टै सीपिलो बने र उनको कलात्मक क्षमताले मलाई सधैं चकित तुल्यायो।'

ज्याकले भने, 'म सधैं पुस्तक लेख्न चाहन्थैं। मेरी आमा पनि किताब लेख्नुहुन्छ। उहाँले गत वर्ष किताब छाप्नुभयो। यो देखेर मलाई पनि मेरै नाउँमा किताब निकाल्न मन थियो। यतिबेला जुऱ्यो र बेस्टसेलर पनि भयो भन्दा शुरुमा पत्याउनै सकिनँ।'

'मेरा बाबु-आमालाई सरिसृपमा धेरै समयदेखि रुचि छ। मसँग गत वर्ष डिसेम्बरमा एउटा गेको आएपछि म छिप्केली, सर्प, घडियाल र कछुवाबारे अनुसन्धान गर्न थालेँ।'

उनले भने, 'मलाई सरिसृप मन पर्छन् तर धेरै मानिसलाई ती मन पर्दैनन् र सर्पलाई त डराउनुपर्ने जनावर भनेर सिकाइन्छ। तर वास्तवमा सरिसृप खतरनाक होइनन्। बरु ती त सुन्दर जनावर हुन्। तिनका बारेमा मान्छेले धेरै जान्न बाँकी छ।'

लुसीले थपिन्, 'यो उसकै लागि लामो परियोजना भयो। सुरुमा उसले ल्याएका कुरा प्रकाशनयोग्य थिएनन् तर उसले धैर्यपूर्वक काम गरिरह्यो।'

## लुसियन फ्रायडको त्यो कीर्तिमानी चित्र



बेलायती चित्रकार लुसियन फ्रायडका चर्चित चित्रहरूमध्ये 'बेनिफिट्स सुपरभाइजर स्लिपिङ (१९९५) ले बिक्रीको कीर्तिमान तोड्यो। यो चित्र २००८ मा रोमन अब्रामोभिचले १० करोड ७० लाख पाउन्ड खरिद गर्दा जीवित कलाकारको चित्रमा त्यति धेरै रकम तिरेको पहिलो कृति बन्न पुगेको थियो। फ्रायडले जसको चित्र उतारेका थिए, ती महिला थिइन्- सु टिली। उनी त्यसबेला लण्डनको सरकारी रोजगारी केन्द्रमा सुपरभाइजर थिइन्।

हेर्दा यो चित्र उति आकर्षक छैन। थसुल्ली एउटी महिलाको चित्रमा धेरै कमको आँखा जाला भन्ने धेरैलाई लागेको थियो तर १० करोडभन्दा बढीमा बिक्री हुने यो चित्रमा टिलीलाई फ्रायडले 'देवी'जस्तै प्रस्तुत गरेका थिए। उनी नग्न थिइन, थसुल्ली पनि। त्यसैले यो चित्र चर्चामा आयो।

फ्रायडको कलामा टिलीलाई 'देवी' जस्तै प्रस्तुत गरिएको थियो। उनी नग्न थिइन् तर थसुल्ली पनि। यही कारण यो चित्र चर्चामा आयो। वास्तविक जीवनमा उनी साधारण कर्मचारी मात्र थिइन्। फ्रायडले महिनौंसम्म प्रत्यक्ष जीवनबाट पोज गराएर उनलाई चित्रित गरेका थिए। परिणामस्वरूप बनेका चार नाङ्गा चित्रहरू, इभिनिङ इन् द स्टुडियो (१९९३), बेनिफिट्स सुपरभाइजर रेस्टिङ (१९९४), बेनिफिट्स सुपरभाइजर स्लिपिङ (१९९५), र स्लिपिङ बाई द लायन कार्पेट (१९९६) अझै पनि कला इतिहासका महत्वपूर्ण सम्पदा मानिन्छन्। र, यी सबैमा टिली थिइन्।

टिली १९८० को दशकमा लण्डनको अराजकतापूर्ण क्लब संस्कृतिको हिस्सा थिइन्। उनले त्यो बेला अर्का कलाकार ली बोवेरीसँग गहिरो मित्रतामा थिइन्। लीसँग उनी रात्रि क्लब जान्थिन्, चित्रकलाका बारेमा गहिरो गरी बुझ्ने प्रयास गर्थिन्। यिनै लिले फ्रायडको कलाका बारेमा बताएका थिए। लिसँगको मित्रता उनलाई फाप्यो। फ्रायडले उनलाई आफ्नो कलामा भित्र्याए।

फ्रायडले उनलाई चित्रमा उतारे। चित्रहरू करोडौंको मूल्यमा बिक्री पनि भए। तर उनलाई त्यो खरिदबिक्रीले खासै फाइदा दिएन। उनको फाइदा भनेको मोडल बनेबापत चित्रकार फ्रायडले दैनिक थोरै पारिश्रमिक दिन्थे। र, त्यो पारिश्रमिक पनि यति थोरै थियो कि अहिले त्यसको मूल्य केही पनि छैन। निकै पछि उनले द गार्जियन पत्रिकालाई भनेकी थिइन्, 'म उहाँलाई काँतर लागे होला किनभने उहाँले जस्तै खोजेजस्तै म थसुल्ली थिएँ।'

त्यसो त टिलीका लागि चित्रकार फ्रायडसँगको संगत नै मूल्यवान् ठान्छिन्। उनी भन्छिन्, 'उहाँ रमाइलो मान्छे हुनुहुन्थ्यो। गफ गर्न रुचाउनुहुन्थ्यो। ठट्टा गर्नुहुन्थ्यो। तर कहिलेकाहीँ साह्रै नमीठो गरी रिसाउनु हुन्थ्यो।'

फ्रायडको नमीठो वचनका कारण उनीहरू दुईको पछि सम्बन्ध भाँचियो।



सन् २०१५ मा 'बेनेफिट्स सुपरभाइजर रेस्टिङ' चित्र ३ करोड ५० पाउण्डमा बिक्री भयो। यसलाई त केहीले फ्रायडको उत्कृष्ट भन्दै रेम्ब्रान्ट र रुबेन्ससँग तुलनासमेत गरेका थिए।

यतिबेला ६० वर्षको उमेरमा पुगेकी टिली बेलायती समुद्री किनारको शहर ससेक्समा बसोबास गरिरहेकी छन्। उनले सरकारी जागीरबाट अवकाश पाइसकेकी छन्। जागीरबाट अवकाश पाए पनि उनको मनबाट कलाले कसैगरी अवकाश लिन पाएको छैन। त्यसैले यस पटक मौका पाउनेबित्तिकै आफैंले बनाएका चित्रलाहरूको प्रदर्शनी गरेकी छन्। उनका चित्रकला शैली, सरल, आत्मविश्वासी र प्रायः हरेक वस्तुमाथि केन्द्रित हुन्छ। 'फेन्डी' नामक पुरुषहरूको वस्त्र संग्रहमा उनका स्केच प्रयोग भएका छन्।

उनी भन्छिन्, 'म कहिल्यै निदाएकी छैन। मेरो हृदयमा सुसुप्त रहेको कला चेतनालाई मैले उतारेकी छु।'

नभन्दै उनले बनाएको एउटा चित्रको नाम 'द बेनिफिट सुपरभाइजर ह्याज वोकन अप' नामकरण गरेकी छन्। फ्रायडका चित्रहरूले उनलाई कला इतिहासमा अमर बनाएझैं उनी आफैंले आफ्नो जीवनलाई निरन्तर सिर्जनामा जागरुक राखेकी छन्।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला